सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ चैत २०८२, शनिबार (28 March 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३३८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

देशको बागडोर युवाको काँधमा

पहिलोपटक मन्त्रिपरिषद्मा ३३ प्रतिशतभन्दा धेरै महिला सहभागिता, १५ सदस्यीय 'क्याबिनेट'मा प्रधानमन्त्री बालेनसहित १० जना ४० वर्षमुनिका, भौगोलिक सन्तुलन मिलाउँदै सरकारमा खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित र थारूको प्रतिनिधित्व

सचिवहरूलाई प्रधानमन्त्री बालेनको निर्देशन-

बहाना चल्दैन, सरकारको गतिमा काम अघि बढाउनुस्

नयाँ मन्त्रीहरूका पहिलो निर्णय

राजस्व अनुसन्धान विभाग खारेजीदेखि जबर्जस्ती करणी र यौनजन्य हिंसासम्बन्धी कानुन संशोधन गर्नेसम्म

सकारात्मक अपेक्षासहित आवश्यकताअनुसार सरकारका काममा नजर राख्ने विपक्षी दलहरूको प्रतिक्रिया



■ प्रधानमन्त्री बालेनको पुख्यौंली गाउँ महोत्तरीको एकडारामा लड्डु बाँडेर मनाइयो खुसियाली

कमलराज भट्ट, सुवास भट्ट

दुईतिहाइको जनादेश र असीमित जनअपेक्षाबिच राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले देशको ४३औँ प्रधानमन्त्रीका रूपमा कार्यकारी नेतृत्व सम्हालेका छन् । संविधानको धारा ७६ (१) अनुसार शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलबाट उनले पद तथा गोपनीयताको शपथ लिएसँगै पदभार ग्रहण गरेका हुन् ।

बालेनले १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् । शपथलगत्तै शाहले २:१५ बजे सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पद बहाली गरेका थिए । त्यसपछि बसेको पहिलो मन्त्रिपरिषद् बैठकबाट उनले जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्नेदेखि शासकीय सुधारका लागि सयवटा कार्य स्वीकृतसम्मका निर्णय लिएका छन् ।

साथै, शासकीय सुधारमा नीतिगत निर्णय लिँदै कुनै बहानाबाजीविना काम गर्न कर्मचारी नेतृत्वलाई निर्देश गरेका छन् । प्रधानमन्त्री बालेनले सचिवहरूसँग बैठक गरी बहानाबाजी नगरी राजनीतिक नेतृत्वको गतिसँग अघि बढ्न, कानुनी अवरोध भए संशोधन गर्न र नागरिककेन्द्रित सेवा प्रवाहलाई प्राथमिकता दिन निर्देशन दिएका छन् ।

शीतलनिवासमा प्रधानमन्त्री बालेनसँगै १४ मन्त्रीले पनि राष्ट्रपतिबाट शपथ लिएका थिए । प्रधानमन्त्री एवं मन्त्रीहरूको शपथपूर्व शीतलनिवासमा सातवटा शंखबाट शंखनाद गरिएको थियो भने १०८ जना वटुकबाट स्वस्तिशान्ति वाचन गरिएको थियो । यसैगरी १६ जना बौद्ध भिक्षुबाट अष्टमंगल पाठ गरिएको थियो । बालेनले साइत कुरेरै १२ बजेर ३४ मिनेटमा 'ईश्वर, देश र जनता'को नाममा शपथ लिएका थिए ।

समावेशितालाई ख्याल गर्दै मन्त्रिपरिषद् बनाइएको छ । ३३ प्रतिशत महिला सुनिश्चित गरिएको मन्त्रिपरिषद्मा खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित, थारूको प्रतिनिधित्व छ ।

३३ प्रतिशत महिलाले स्थान पाउँदा मन्त्रिपरिषद्मा सोविता गौतम, निशा मेहता, प्रतिभा रावल, गीता चौधरी र सीता वादी मन्त्री बनेका छन् । संविधानले राज्यका निकायमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था गरे पनि यसअघिका मन्त्रिपरिषद्मा यो कार्यान्वयन हुन सकेको थिएन । तर, यसपटकको १५ सदस्यीय मन्त्रिपरिषद्मा पाँचजना महिला मन्त्री छन् । यो भनेको ३३.३४ प्रतिशत हो ।

प्रधानमन्त्री बालेनको मन्त्रिपरिषद्मा युवाको वर्चस्व छ । ३६ वर्षीय बालेन आफैँ युवा हुन् । शिक्षामन्त्री सस्मित पोखरेल २९, कानुनमन्त्री सोविता गौतम ३०, महिलामन्त्री सीता वादी ३०, संघीय मामिलामन्त्री प्रतिभा रावल ३२, कृषिमन्त्री गीता चौधरी ३३, श्रममन्त्री दीपककुमार साह ३४, सुनील लम्साल ३५, गृहमन्त्री सुदन गुरुङ ३८, स्वास्थ्यमन्त्री निशा

» पृष्ठ २ मा क्रमश:



प्रधानमन्त्री र मन्त्रीहरूको शपथपछि पार्टी सभापति रवि लामिछानेसँग अंकमालसहित खुसी साट्दै प्रधानमन्त्री बालेन । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ जेन-जी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय

ओली र लेखकलाई पक्राउ गरी कारबाही अघि बढाउने तयारी

सुरक्षाकर्मीको हकमा अर्को अध्ययन समिति गठन हुने

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनसँगै सरकारले तत्कालीन राजनीतिक नेतृत्वलाई चाँडै नै कारबाहीको दायरामा ल्याउने गृहकार्य थालेको छ । बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले आयोगको सिफारिस तत्काल लागू गर्ने निर्णय गरेसँगै पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री





रमेश लेखकमाथि कारबाही प्रक्रिया अघि बढाएको हो ।

मन्त्रिपरिषद्को बैठकले सुरक्षा संयन्त्रसम्बन्धी विषयमा अध्ययन समिति गठन गर्ने र अन्यको हकमा आयोगको सिफारिस तत्काल कार्यान्वयन गर्ने निर्देशन दिएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए । यसै आधारमा नयाँ सरकारले ओली र लेखकमाथि फौजदारी मुद्दामा कारबाही अघि बढाउने तयारी गरेको हो । आयोगले ओली र लेखकलाई जेन-जी आन्दोलनको दमनमा मुख्य जिम्मेवार ठहर गरेको छ ।

मन्त्रिपरिषद् बैठकलगत्तै गृहमन्त्री सुदन गुरुङले नेपाल प्रहरीका आईजिपी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका आईजिपी राजु अर्यालसहित सम्बन्धित अधिकारीसँग उनीहरूको पक्राउबारे छलफल गरेका छन् । प्रहरीले थप प्रमाण संकलनपछि मात्र पक्राउ गर्न उचित हुने सल्लाह दिएको छ । तर, गृहमन्त्री गुरुङ र सरकारी अधिकारी तत्काल कारबाही अघि बढाउनुपर्ने पक्षमा रहेको कारण केही दिनमै पक्राउ र अनुसन्धान प्रक्रिया सुरु हुने सम्भावना रहेको स्रोत बताउँछ ।

जाँचबुझ आयोगले सातजनामाथि मुद्दा चलाउन र अन्य १५ जनामाथि विभागीय कारबाही गर्न सिफारिस गरेको थियो । आयोगले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक र आईजिपी चन्द्रकुवेर खापुङलाई लापरबाहीका कारण ज्यान जाने घटनामा फौजदारी मुद्दा चलाउन सिफारिस गरेको छ । तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका आईजिपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र सिडिओ छवि रिजालमाथि हेलचेक्याइँका कारण मुद्दा चलाउन सिफारिस गरिएको छ ।

उच्च सुरक्षा अधिकारीहरू आयोगको प्रतिवेदनमा आधारित भएर पक्राउ गर्न समस्या नहुने बताउँछन् । तर, पीडितको जाहेरी र अदालतको पक्राउ पुर्जीपछि मात्रै पक्राउ गर्न उपयुक्त हुने उनीहरूको सुझाव छ । मन्त्रिपरिषद्ले सुरक्षा संयन्त्रको हकमा थप अध्ययनपछि मात्र सिफारिस कार्यान्वयन गर्ने निर्णय गरेको छ । सुरक्षा संयन्त्रसम्बन्धी अर्को अध्ययन समिति गठन गरिने तयारी

» पृष्ठ २ मा क्रमश:



बालेनको राजनीतिक छलाङ

च्यापरदेखि प्रधानमन्त्रीसम्म

● शिवहरि घिमिरे



● च्यापरबाट मेयर बनेका बालेन ०७९ देखि राजनीतिमा सक्रिय छन्, उनी ०४६ यताका कान्छा प्रधानमन्त्री हुन्

मन्त्रिपरिषद् पहिलो बैठकको निर्णय

■ १०० दिनभित्र कार्यान्वयन हुने शासकीय सुधारका १०० कार्य स्वीकृत

मन्त्रिपरिषद्ले शासकीय सुधारका लागि सयवटा कार्य स्वीकृत गर्ने निर्णय गरेको हो । स्वीकृत सय कार्यमा विभिन्न क्षेत्र, मन्त्रालय र विषयअन्तर्गतका छन् । निर्णयमा जनतालाई प्रत्यक्ष अनुभूत हुने, पारदर्शी सेवा, सामान्य प्रशासन सुधार, कानुनी अवरोध घटाउने र प्रविधिमैत्री सेवा नियमित गर्ने विषय समावेश छन् ।

प्रधानमन्त्री कार्यालयका अधिकारीहरूका अनुसार आगामी सय दिनभित्र गर्न सकिने गरी शासकीय सुधारका योजनाबारे निर्णय गरिएको हो । 'आजको निर्णय नीतिगत हिसाबले भएका छन् । अब त्यसलाई समयबद्ध योजना बनाएर अन्तिम रूप दिन बाँकी छ,' कार्यालयका एक सचिवले नयाँ पत्रिकासँग भने, 'निर्णय प्रमाणीकरण भएपछि सार्वजनिक हुन्छ र कार्यान्वयनमा जान्छ ।'

सामान्यतया सय दिनको अवधिलाई सरकारको परीक्षणको पहिलो कडीका रूपमा हेरिन्छ । त्यसैलाई दृष्टिगत गरी सरकारले सुधारका योजना तय गरेको हो ।

तत्काल सुधारका योजनाबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले केही दिनअघिदेखि नै गृहकार्य गरिरहेको थियो । यसका लागि सबै मन्त्रालयसँग योजना माग गरिएको थियो । त्यसको संकलन गरेर कार्यालयले मस्यौदा तयार गरेको थियो । तिनमा नयाँ नेतृत्वसमेतले तयार गरेका योजनासमेत संयोजन गरेर एकमुस्ट सय बुँदामा निर्णय गरिएको हो ।

यसअघि चुनावी सरकारले तयार गरेको सुशासनको मार्गचित्र (गभर्नेन्स ब्लु प्रिन्ट) पनि प्रधानमन्त्री कार्यालयमा छ । यो पनि आगामी मन्त्रिपरिषद् बैठकमा पेस गर्ने तयारी छ । करिब तीन महिना लामो अध्ययन र बृहत् छलफलसमेत गरी एक हजार ७६५ क्रियाकलाप समेटेर तयार पारेको हजार पृष्ठभन्दा लामो प्रतिवेदन सरकारलाई बुझाउने तयारी छ ।



समावेशिताको सुन्दरता

सीता वादी अब माननीय मन्त्री

सुर्खेतको झुप्राखोला बगरमा जन्मे-हुर्केकी सीता सिंहदरबार पुगेकी छिन्, दलितभित्र पनि निकै पछाडि पारिएको समुदायबाट सर्वोच्च पदमा पुग्ने सीता पहिलो

सुर्खेतमा **रमेश रावल**

आँखाबाट तप्प आँसु झार्छिन् । एकछिन मौन हुन्छिन् । दुवै हातले आँसु पुस्छिन् । फेरि टिस्युपेपरले आँसु पुस्छिन् ।

र, आफूलाई सम्हाल्दै भन्छिन्, 'यसरी यो पद (मन्त्री)मा पुग्छु भनेर सोच्दै नसोचेको कुरा हो । यसरी पार्टीले अवसर दिएको छ । यो सम्झेर, मेरो आफ्नो विगत सम्झेर, परिवार सम्झेर अलिकति इमोसनल भएजस्तो लाग्छ ।'

सुर्खेतको झुप्राखोला बगरमा जन्मे-हुर्केकी ३० वर्षीया सीता वादी शुक्रबार महिला,

» पृष्ठ २ मा क्रमश:



■ सीताका संघर्ष

वीरेन्द्रनगर नगरपालिका- १४, झुप्राखोला स्थायी घर भई हाल काठमाडौंको बुढानीलकण्ठ नगरपालिका- ८ मा बसोबास गर्दै आएकी सीताको बाल्यकाल कठोर संघर्षमा बित्यो । स्कुल जान छाडेर छाक टार्न परिवारसँगै बालुवा चाल्ने र गिट्टी कुट्ने काम गर्थिन् उनी । सीताले जनसेवा माविं घुस्रामा नौ कक्षासम्म पढेकी थिइन् । उनको परिवार जीविकोपार्जनका लागि भेरी नदी किनारमा बालुवा बोक्ने गर्दथे । अभावका बिचमा हुर्किएकी उनलाई पढाइ खर्च धान्नसमेत गाह्रो अवस्थामा बेला सामाजिक संस्थाले उनलाई शिक्षाको अवसर दियो । ब्याचलर अफ सोसल ओर्क र पछि राजनीतिशास्त्रमा स्नातकोत्तर गरिन् ।

देशको बागडोर...

पृष्ठ १ बाट क्रमशः

मेहता ३८ वर्षका छन्। ४० वर्षमुनिका १० जना छन्। यसैगरी सञ्चारमन्त्री विक्रम तिमिल्सिना ४३, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ ४४, पर्यटनमन्त्री खडकराज पौडेल ४६, परराष्ट्रमन्त्री शिशिर खनाल ४७ र अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ५१ वर्षका छन्।

यसबाहेक प्रधानमन्त्री शाहले भूगोलको पनि सन्तुलन मिलाएर मन्त्रिपरिषद् गठन गरेका छन्। कोशी, मधेश र कर्णालीबाट एक-एकजना, सुदूरपश्चिमबाट दुई, गण्डकीबाट तीन, बागमतीबाट पाँचजना मन्त्री चुनिएका छन्।

रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय आफैँसँग राखेका प्रधानमन्त्री शाहले अन्य मन्त्रालयको कार्यविभाजन गरेका छन्। कार्यविभाजन गर्दा उनले मन्त्रालयहरू व्यावहारिक हुने गरी मर्ज गरेर मन्त्रीहरूलाई जिम्मेवारी सुम्पेका हुन्। केही मन्त्रीले दोहोरो जिम्मेवारी पाएका छन्।

गठित मन्त्रिपरिषद्मा शाहले प्रधानमन्त्रीसहित रक्षा र दुईवटा मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत गरेर तेहरो जिम्मेवारी लिएका छन्। प्रधानमन्त्रीपछिको वरीयतामा अर्थमन्त्रीमा डा. स्वर्णिम वाग्ले छन्। तेस्रोमा गृहमन्त्री सुदन गुरुङ नियुक्त भएका छन्।

परराष्ट्रमा शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीमा विराजभक्त श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीमा खडकराज पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा डा. विक्रम तिमिल्सिना, कानुनमन्त्रीमा सोविता गौतम, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा दीपककुमार साह र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको जिम्मा सीता बादीले पाएकी छिन्।

सुनील लम्साल, सस्मित पोखरेल, निशा मेहता, प्रतिभा रावल र गीता चौधरीले मन्त्रीको दोहोरो जिम्मेवारी पाएका छन्। लम्साललाई भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय, पोखरेललाई शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय, मेहतालाई स्वास्थ्य तथा जनसंख्या र खानेपानी मन्त्रालय, रावललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र चौधरीलाई कृषि, पशुपन्छी विकास र वन तथा वातावरणमन्त्रीमा जिम्मेवारी तोकिएको छ।

प्रधानमन्त्री नियुक्तिसँगै लगभग 'फुलफ्लेज्ड'मा मन्त्रिपरिषद् गठन गर्ने यस्तो अभ्यास विगतमा विरलै देखिन्थ्यो। रास्वपाले भने प्रधानमन्त्रीसँगै एकैपटक १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेको छ। यसले सरकारको गति बढाउने अपेक्षा गर्न सकिन्छ।

हाल प्रधानमन्त्री कार्यालयसहित २२ मन्त्रालय छन्। मन्त्रालय संख्याका आधारमा पूर्ण हुने गरी मन्त्री नियुक्ति गर्न सकिने भए पनि घटाइएको छ। तर, प्रधानमन्त्रीसहित केही मन्त्रीले दोहोरो जिम्मेवारी लिएर मन्त्रीको संख्या १५ मा सीमित गरिएको छ।

संविधानको धारा ७६ को उपधारा ९ मा 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नेछ' भन्ने व्यवस्था छ।

संविधानले तोकेको अधिकतम सीमासम्ममा मन्त्री नियुक्त गर्न सकिने भए पनि मन्त्रिपरिषद्को आकार हेर्दा रास्वपाले छरितो सरकार बनाउन खोजेको देखिन्छ। यद्यपि, प्रधानमन्त्रीसहित केही मन्त्रीलाई दोहोरो जिम्मेवारी दिइएबाट आगामी दिनमा पूर्ण जिम्मेवारीसहित मन्त्री नियुक्त गर्न सकिने ठाउँ रास्वपाले राखेको छ। यसले मन्त्रिपरिषद्को आकार बढ्न पनि सक्ने देखिन्छ।

कुन-कुन मन्त्रालय रहने भन्नेबारे 'नेपाल सरकार (कार्य विभाजन) नियमावलीमा व्यवस्था हुन्छ। रास्वपाले मन्त्रालय संख्या कम गर्न खोजेको अवस्थामा यो नियमावलीमा संशोधन गर्न सक्छ। मन्त्रिपरिषद्बाटै निर्णय गरेर नियमावली संशोधन गरी अनुकूलको आकार बनाउन सकिने अवस्था छ।

पूजा गरेर बालुवाटार सरे

प्रधानमन्त्री शाह मन्त्रिपरिषद् बैठक सकेर सरकारी निवास बालुवाटार सरेका छन्। शुक्रबार साँझ बालुवाटार परिसरमा पूजापाठ गरेर शाह विधिपूर्वक परिवारसहित बालुवाटार सरेको उनको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री बालेनको सचिवहरूलाई निर्देशन- बहाना चल्दैन, सरकारको गतिमा काम अघि बढाउनुस्

पदबहालीपछि प्रधानमन्त्री शाहले सचिवहरूसँग बैठक गरी बहानाबाजी नगरी राजनीतिक नेतृत्वको गतिसँग अघि बढ्न, कानुनी अवरोध भए संशोधन गर्न र नागरिककेन्द्रित सेवा प्रवाहलाई प्राथमिकता दिन निर्देशन दिएका छन्। एक सचिवले प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै भने, 'हामी केही गर्न आएका हौं। परिवर्तनका लागि हाम्रो गतिमा हिँड्नुस्। कुद्न नसक्ने भए मार्गप्रशस्त गर्नुहोस्, नयाँ आउँछन्।'

प्रधानमन्त्री शाहले लोकसेवाको कठिन परीक्षा र अनुभवी कर्मचारीको योग्यतामा शंका नगर्ने, सिकाउनुपर्ने अवस्था नरहेको र योग्य मन्त्रीहरूसँग सँगै काम अघि बढ्नुपर्ने कुरा पनि बैठकमा दोहोऱ्याएका छन्। कानुनले मिल्दैन भनेर बहाना नचल्ने कुरामा उनले स्पष्ट गरे। 'कानुनले मिल्दैन भने संशोधन गर्नुपर्छ। त्यसको सुविधाजनक अवस्था हामीसँग छ,' उनले भने।

प्रधानमन्त्री शाहले पुरानो सरकारको अव्यवस्थालाई शून्यमा राखेर नयाँ सुरुवात गर्न आग्रह गर्दै भने, 'हिजोको सरकारले विभिन्न किमिसका गतिविधिमा समावेश गरेर तपाईंहरूलाई घुमाइराखेको थियो। अब त्यसलाई समाप्त गरौं।' प्रधानमन्त्री शाहले सचिवहरूलाई सुशासन र नागरिककेन्द्रित सेवा सुनिश्चित गर्न निर्देशन दिएर अन्त्यमा आफ्नै गीत 'म नेपाल हाँसेको हेर्न चाहन्छु'का शब्द सुनाएका थिए।

विपक्षी दलको प्रतिक्रिया

● **गुरुराज घिमिरे**, कांग्रेस महामन्त्री

सरकारले संविधानको मर्म, भावना र प्रतिबद्धताअनुसार सुशासन सुनिश्चित गर्दै अघि बढ्नुपर्छ। कांग्रेसले सरकारको कामका आधारमा प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्नेछ। लोकतन्त्र र संविधानको मर्मअनुसार सरकारको काममा सहयोग गर्न सक्रिय रूपमा भूमिका खेल्नेछौं। तर, लोकतन्त्र, संविधान र संसदीय प्रणालीको भविष्यमा प्रश्न उठ्ने गरी प्रहार भएमा प्रमुख प्रतिपक्षका रूपमा खबरदारी गर्नेछौं।

● **प्रदीप ज्ञवाली**, एमाले नेता

नयाँ सरकारलाई शुभकामना छ। आमनिर्वाचनका वेला जनतासमक्ष दिइएका आश्वासन र प्रतिबद्धता तथा अन्य चुनावी वाचा पूरा गर्न सक्नुहोस्। हामी रचनात्मक प्रतिपक्षको भूमिकामा रहनेछौं। सरकार देश र जनताको हितमा राम्रा काम गर्दा सहयोग गर्नेछौं, तर यदि राम्रा काम गर्न सकिएन भने आलोचना र असहमति प्रकट गर्नेछौं।

● **प्रमेश हमाल**, नेकपा नेता

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको नयाँ सरकारले सकारात्मक काम गर्नेमा आशावादी छौं। उहाँहरूको कामलाई नजिकबाट हेर्छौं र सकारात्मक काममा समर्थन गर्ने तथा आवश्यक सहयोग पनि दिनेछौं। अहिलेसम्म प्रतिक्रिया यही हो, अगाडि हेर्छौं र बोल्छौं।

● **ज्ञानेन्द्र शाही**, राप्रपा संसदीय दलका नेता

भर्खरै नयाँ सरकार बनेको छ। राम्रो काम गर्न सकोस् भन्ने हाम्रो शुभेच्छा छ। सरकारले राम्रो काम गर्दा देश र जनताको हित हुनेछ, त्यसमा हाम्रो साथ हुनेछ। तर, सत्ता र शक्तिको दुरूपयोग भएमा खबरदारी गर्नेछौं। राष्ट्रिय हितविरुद्धको कदम भए कडा रूपमा प्रस्तुत हुनेछौं।

● **आरेन राई**, महासचिव, श्रम संस्कृति पार्टी

जनताले अभिमत प्रकट गरेर वर्तमान सरकार बनाएका छन्। देश र जनताको हितमा काम गर्न सकून् भन्ने शुभकामना छ। तर, आफैंले प्रतिबद्धता गरेअनुसार काम गर्न नसकेमा खबरदारी गर्नेछौं।

नयाँ मन्त्रीहरूका पहिलो निर्णय



डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री



सुदन गुरुङ
गृहमन्त्री



शिशिर खनाल
परराष्ट्रमन्त्री



सुनील लम्साल
भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास



विराजभक्त श्रेष्ठ
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री



खडकराज (गनेस) पौडेल
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री



सस्मित पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री



निशा मेहता
स्वास्थ्य तथा जनसंख्या, खानेपानीमन्त्री



डा. विक्रम तिमिल्सिना
सञ्चार तथा सूचना प्रविधिमन्त्री



प्रतिभा रावल
संघीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री



सोविता गौतम
कानुन, न्याय तथा संसदीय मामिला



गीता चौधरी
कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरण



दीपककुमार साह
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री



सीता वादी
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री

■ अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

राजस्व अनुसन्धान विभागसहित पुराना १५ ऐन खारेज गर्ने

शुक्रबार पदबहाली गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राजस्व अनुसन्धान विभागलगायत पुराना संरचनासहितका १५ कानुन खारेज गर्ने निर्णय गरेका छन्। निवर्तमान अर्थमन्त्री रामेश्वरप्रसाद खनाल नेतृत्वको आर्थिक सुधार सुझाव आयोगले एक वर्षअघि दिएको प्रतिवेदनको नवनियुक्त अर्थमन्त्री डा. वाग्लेले कार्यान्वयन थालेका हुन्। नागरिक र निजी क्षेत्रले हैरानी खेपेको गुनासो चर्को रूपमा उठेपछि खनाल आयोगले विभागसहितका संरचना र केही कानुन खारेज गर्न सिफारिस गरेको थियो। आयोगको सोही प्रतिवेदन कार्यान्वयन गरेर अर्थमन्त्री वाग्लेले करदातालाई खुसी पार्न खोजेका हुन्। उनले पदबहाली गर्दै चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजनिक गरेको सयवटा वाचापत्रसँग पनि मेल खाने भएकाले राजस्व अनुसन्धान विभाग खारेजीसहितको कानुन संशोधन गर्न लागिएको बताए।

■ गृहमन्त्री सुदन गुरुङ

सबै जिल्ला प्रशासन कार्यालयमा 'एकद्वार सेवा प्रणाली' लागू गर्ने

रास्वपाका वरिष्ठ नेतालाई समेत पछि पार्दै गृह मन्त्रालयको जिम्मेवारी सम्हालेका सुदन गुरुङले आफू 'एक्सन' जाने बताएका छन्। पदभार ग्रहणपछि कर्मचारीलाई सम्बोधन गर्दै उनले भने, 'हामी तपाईंलाई झुटा आश्वासन दिँदैनौं। गर्न सकिने काममा अगाडि बढ्छौं, नतिजा देखाउँछौं, बोल्ने कम गर्छौं।'

उनले पहिलो निर्णयका रूपमा सबै जिल्ला प्रशासन कार्यालयमा 'एकद्वार सेवा प्रणाली' लागू हुने जानकारी दिएका छन्। सेवाग्राहीलाई एक कोठाबाट अर्को कोठामा जानुपर्दा असुविधा र भ्रष्टाचार बढ्ने भएकाले यो प्रणाली लागू गरिने उनले बताए। गुरुङले भिआइपी सवारी प्रयोगका नाममा सर्वसाधारणलाई असुविधा हुने काम नगर्न मन्त्रीसमेत आग्रह गरेका छन्। उनले हालसम्म मन्त्रालयको गाडीसमेत प्रयोग गरेका छैनन्।

जेन-जी आन्दोलनमा स्वयंसेवीका रूपमा सक्रिय रहेका गुरुङ आन्दोलनपछि सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने र जेन-जी घाइते तथा मृतकका परिवारलाई राहत उपलब्ध गराउने काममा पनि सक्रिय थिए। पछिल्लो समय रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङबिच एकता गराउन उनले समन्वयको भूमिका निर्वाह गरेका थिए। यद्यपि, पछि कुलमान रास्वपाबाट अलग्गिएका छन्। २१ फागुनमा सम्पन्न निर्वाचनमा गुरुङ गोरखा १ बाट विजयी भएका थिए।

■ परराष्ट्रमन्त्री शिशिर खनाल

कन्सुलर सेवा विभागमा अनलाइन सेवा प्रणाली थप व्यवस्थित गर्ने

परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागमा सम्भव भएसम्म अनलाइन सेवा प्रणाली थप व्यवस्थित गर्ने निर्णय गरेका छन्। शुक्रबार परराष्ट्रमा पदभार ग्रहण गरेलगत्तै उनले पहिलो निर्णयमा हस्ताक्षर गरेका हुन्। 'कन्सुलर सेवा विभागले गर्ने सेवा प्रवाह क्रमशः अनलाइन प्रणालीमार्फत भइरहेको छ। यसलाई अझै व्यवस्थित गर्ने निर्णयमा मन्त्रीज्यूले हस्ताक्षर गर्नुभएको छ। सम्भव भएजति सेवा अनलाइनबाट गर्ने भन्ने हाम्रो मूल लक्ष्य र ध्येय हो,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने।

■ भौतिक पूर्वाधारमन्त्री सुनील लम्साल

निर्णय गरेनन्, दिए प्रक्रिया सुधारमा जोड

भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्साल र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले पदभार ग्रहणमा कुनै औपचारिक निर्णय लिएका छैनन्। बरु, उनीहरूले प्रशासनिक प्रक्रिया सुधार, प्रविधि प्रयोग विस्तार र नीतिगत स्पष्टतामार्फत कार्यसम्पादनमा जोड दिएका छन्। भौतिक पूर्वाधार तथा यातायातमन्त्री लम्सालले पदभार ग्रहणका क्रममा कुनै लिखित निर्णय नगरी कार्यशैलीमा सुधारमा जोड दिए। मन्त्रालयका कर्मचारी तथा मातहतका निकायसँगको अन्तरक्रियामा उनले पूर्वाधार निर्माणसँग सम्बन्धित सरकारी प्रक्रिया छोट्याउन निर्देशन दिए। सेवा प्रवाहलाई छरितो बनाउन डिजिटल प्लाटफर्मको प्रयोग विस्तार गर्न पनि उनले जोड दिएका छन्। मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालका अनुसार पदभारका क्रममा कुनै औपचारिक निर्णयमा हस्ताक्षर भएको छैन।

■ ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ

निर्णय गरेनन्, ११ बुँदे निर्देशन दिए

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले पनि पदभार ग्रहणपछि कुनै लिखित निर्णय नगरी ११ बुँदे निर्देशन जारी गरेका छन्। मन्त्रालयका प्रवक्ता सन्दीप देवका अनुसार मन्त्री श्रेष्ठले समयानुकूल नीति तथा कार्यक्रममार्फत स्वच्छ ऊर्जा विकासमा जोड दिएका छन्। उनका निर्देशनहरूमा विद्युत् पहुँच नपुगेका क्षेत्रमा वैकल्पिक ऊर्जामार्फत सेवा विस्तार, प्रसारणलाइनको सुदृढीकरण तथा ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रमा आवश्यक वित्तीय स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग समन्वय गर्ने विषय समेटिएका छन्।

साथै, जलस्रोत उपयोगको समग्र अडिट, विपत् व्यवस्थापनका लागि जल तथा मौसम पूर्वानुमानमा नयाँ प्रविधिको प्रवर्द्धन र आधुनिक भूमिगत सिँचाइ प्रणालीसँगै 'वाटर रिचार्ज सिस्टम'को विकासमा जोड दिइएको मन्त्री श्रेष्ठको भनाइ छ।

मन्त्री श्रेष्ठले सुशासन ऐनअनुसार समिति वा कार्यदल गठन गरी वित्तीय अनुशासन कायम गर्न, प्रत्येक बैठकको प्रगति मूल्यांकन गर्न र साप्ताहिक रूपमा मन्त्रालयको प्रगति सार्वजनिक गर्न निर्देशन दिएका छन्। निर्देशनमा उजुरी व्यवस्थापन व्यवस्थित बनाउने र अन्तरमन्त्रालय समन्वयलाई प्रभावकारी बनाउन संयन्त्र स्थापना गर्ने विषय पनि प्राथमिकतामा राखिएको छ।

■ स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहता र शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल

निर्णयभन्दा अघि प्रतिबद्धता मात्र

नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहता र शिक्षामन्त्री सस्मित पोखरेलले निर्णयभन्दा पहिला प्रतिबद्धता जनाएर कार्यसम्पादनको फरक सुरुवात गरेका छन्। पदभार सम्हाल्ने क्रममा पहिलो निर्णयमा हस्ताक्षर गर्ने परम्परा रहे पनि उनीहरूले त्यसलाई प्राथमिकता दिएनन्। उनीहरूले शुक्रबार पदभार ग्रहणपछि कुनै औपचारिक निर्णयमा हस्ताक्षर गरेनन्। यद्यपि, उनीहरूले आफ्ना कार्ययोजना र प्राथमिकताबारे मौखिक प्रतिबद्धता भने सार्वजनिक गरेका छन्।

स्वास्थ्यमन्त्री मेहताले सिंहदरबारस्थित जस्ताको टहराबाट बनेको साँघुरो अस्थायी कार्यकक्षमा पदभार ग्रहण गरिन्। अन्य मन्त्रालयको तुलनामा स्वास्थ्य मन्त्रालयको भौतिक पूर्वाधार कमजोर छ। 'जेन-जी' आन्दोलनका क्रममा मन्त्रालयको पुरानो भवन ध्वस्त भएपछि हाल मन्त्रालय सर्वोच्च अदालतको नयाँ भवनपछाडिको अस्थायी संरचनामा सञ्चालन भइरहेको छ, जसले कार्यसम्पादनमा कठिनाइ सिर्जना गरेको छ।

टहरामै कार्यभार सम्हाल्दै मन्त्री मेहताले जनस्वास्थ्य सेवामा आमनागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सुधार ल्याउने बताइन्। निर्णयमा हस्ताक्षर नगरेकी उनले स्वास्थ्य क्षेत्रका समस्या बुझ्नै मात्रै ठोस कदम चाल्ने बताइन्। 'कुनै पनि नागरिकले उपचार नपाएर ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो पहिलो प्राथमिकता हो,' उनले भनिन्, 'स्वास्थ्य जनशक्तिको बढ्दो पलायनलाई रोक्ने र स्वदेशमै काम गर्ने वातावरण बनाउने अर्को लक्ष्य छ।'

अध्ययनका आधारमा समस्या पत्ता लगाएर काम गर्ने भन्दै उनले प्रतिबद्धता जनाइन्, 'स्वास्थ्य बिमामा सुधार गर्ने, नर्सिङ जनशक्तिको पारिश्रमिक व्यवस्थापन गर्ने तथा स्वदेशी औषधिको उत्पादन र बजारीकरणमा जोड दिने, साथै नयाँ सामग्री खरिदभन्दा मर्मत र व्यवस्थापनलाई प्राथमिकता दिने काम गर्छौं।'

शिक्षामन्त्री सस्मित पोखरेलले पनि पदभार ग्रहणका दिन कुनै फाइलमा हस्ताक्षर नगरी फरक अभ्यास देखाए। उनले पूर्वतयार अवस्थामा रहेका निर्णय र फाइलमा हस्ताक्षर नगर्ने स्पष्ट पार्दै पहिले समस्याको समग्र अध्ययन गरेर मात्रै निर्णय लिने नीति अपनाउने बताए।

पदभारपछि आयोजित ब्रिफिङमा मन्त्रालयका प्रवक्ता सहसचिव शिवकुमार सापकोटाले विद्यालय शिक्षा सुधार, संस्थागत मर्जर, चिकित्सा शिक्षा, उच्च शिक्षा व्यवस्थापन तथा विज्ञान-प्रविधि क्षेत्रका प्राथमिकतासहितका विषय प्रस्तुत गरेका थिए। त्यसपछि मन्त्री पोखरेलले पाइपलाइनमा रहेका नीतिगत विषय टुंग्याउने, बजेटअनुसार कार्यक्रम कार्यान्वयन गर्ने र शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप नियन्त्रण गर्ने विषयमा आफू केन्द्रित हुने बताए। 'विद्यालय र विश्वविद्यालय तहमा हुने दलगत राजनीति अन्त्य गर्नुपर्छ। नेपालको शिक्षालाई विश्वस्तरीय, गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाउने लक्ष्यमा काम हुन्छ,' उनले भने, 'नीतिगत सुधारमा थुप्रै काम छन्। शिक्षा क्षेत्रमा हाल झन्डै १० प्रतिशत मात्र बजेट विनियोजन हुने अवस्थालाई बढाउन पहल गर्छौं।'

उनले आफूले विगतमा शिक्षा क्षेत्रमा बटुलेका अनुभवका आधारमा काम गर्ने बताए। काठमाडौं महानगरपालिकामा रहँदा 'बुक फ्री फ्राइडे'जस्ता कार्यक्रममार्फत शैक्षिक सुधारमा काम गरेका थिए।

■ कृषि तथा वनमन्त्री गीता चौधरी

किसानले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह सुधारको प्रतिबद्धता

कृषि तथा वनमन्त्री गीता चौधरीले मन्त्रालयमा करिब २० मिनेट समय बिताएकी छिन्। पदभारपछि उनले सुरुमा कर्मचारीको धारणा सुनेर छोटो सम्बोधन गरिन्। कृषि मन्त्रालयका प्रवक्ता डा. जानुका पण्डितका अनुसार मन्त्री चौधरीले कृषि क्षेत्रको सर्वांगीण विकासका लागि सबै पक्षबिच समन्वय आवश्यक रहेकोमा जोड दिएकी थिइन्। साथै, मन्त्रालयअन्तर्गतका सबै निकायबाट अलग्गै ब्रिफिङ लिएर सोही आधारमा कार्ययोजना तयार गर्ने उनको योजना छ। मन्त्री चौधरीले किसानले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह सुधारमा आफू प्रतिबद्ध रहेको पनि स्पष्ट पारेकी थिइन्। कृषिपछि उनी वन मन्त्रालयतर्फ प्रस्थान गरेकी थिइन्।

■ श्रममन्त्री दीपककुमार साह

रणनीतिक योजनाको मस्यौदालाई एक महिनाभित्र अन्तिम रूप दिने निर्णय

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानद्वारा तयार गरिएको 'रणनीतिक योजना २०२६-३१' को मस्यौदालाई एक महिनाभित्र अन्तिम रूप दिने निर्णय गरेका छन्। उक्त मस्यौदामा प्रतिष्ठानको क्षमता अभिवृद्धि गर्दै सिपयुक्त जनशक्ति उत्पादन गर्ने लक्ष्य समेटिएको छ। ललितपुरको भैंसेपाटीस्थित प्रतिष्ठानको क्षमता विस्तारका लागि कोरियाले आर्थिक सहयोग उपलब्ध गराएको छ। हालसम्म भने प्रतिष्ठानमा सामान्यस्तरको सिप परीक्षण मात्रै सञ्चालन भइरहेको छ। वैदेशिक रोजगारीमा जानुअघि श्रमिकलाई आवश्यक सिप परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने काम प्रतिष्ठानले गर्दै आएको छ। तर, प्रतिष्ठानपरिसरमा दक्षताअनुसारको सिप परीक्षणका लागि आवश्यक आधुनिक मेसिन तथा उपकरणको अभाव छ। कोरियाकै सहयोगमा ती उपकरण जडान गर्ने कार्य भइरहेको छ। उक्त प्रक्रिया पूरा भएपछि सिपयुक्त श्रमिक उत्पादनमा प्रतिष्ठानले उल्लेखनीय योगदान दिने सरकारी अपेक्षा छ।

■ कानुनमन्त्री सोविता गौतम

जबर्जस्ती करणी र यौनजन्य हिंसासम्बन्धी कानुन संशोधन गर्ने

जबर्जस्ती करणी, जबर्जस्ती करणीपश्चात् हुने हत्या, यौनजन्य हिंसा, बालबालिकासम्बन्धी अपराधमा संलग्न व्यक्तिलाई दण्ड र सजाय सुनिश्चित गर्न र पीडितलाई शीघ्र न्याय दिलाउन अपराध संहितालगायतका सम्बन्धित कानुनमा देखिएका अवरोधको अध्ययन गर्न अध्ययन कार्यदल गठन गरिनेछ। अध्ययनको निष्कर्षअनुसार सम्बद्ध कानुनमा संशोधन कार्य अघि बढाइनेछ।

प्रधानमन्त्री बालेनको पुख्यौंली गाउँमा लड्डु बाँडेर मनाइयो खुसी

महोत्तरीमा **रञ्जन भण्डारी**





रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेन प्रधानमन्त्री बनेको खुसियालीमा उनको पुख्यौंली गाउँ महोत्तरीको एकडारामा खुसियाली छाएको छ। एकडारा गाउँपालिका-२ एकडाराका स्थानीयले एक-अर्कालाई अबिर लगाईदिएर लड्डु बाँडे। मधेशी समुदायबाट मुलुकको कार्यकारी प्रमुख बन्ने बालेन पहिलो हुन्। आफ्नो गाउँको मान्छे देशको प्रधानमन्त्री बनेको खुसियालीमा लड्डु बाँडेर खुसियाली मनाइएको बालेनका हजुरबुवा नाता पर्ने बद्रीनारायण साहले बताए। 'पाँच वर्षसम्म कसैलाई काखापाखा नगरी काम नगरून् भन्ने अपेक्षा छ,' उनले भने।

छिमेकी जगत साह पनि मिठाई किनेर बाँडिरहेका थिए। देशले युवा प्रधानमन्त्री पाएकाले विकास हुनेमा उनी आशावादी देखिन्छन्। 'प्रधानमन्त्रीले कृषि क्षेत्रमा काम गरून्। मधेशको मुख्य पेसा कृषि हो,' उनले भने। स्थानीय विनोदकुमार साहले बिहीबार रातभर लड्डु बनाएर शुक्रबार बाँडिएको बताए। 'खुसीसँगै प्रधानमन्त्रीज्यूसँग मधेश र देशले परिवर्तनको आशा राखेको छ,' उनले भने।

ओली र लेखकलाई...

पृष्ठ १ बाट क्रमशः

छ। प्रहरीका आइजिपी दानबहादुर कार्की, एआइजी सिद्धिविक्रम शाह, डिआइजी ओम राना, विश्व अधिकारी, एसएसपी दीपशमशेर जबरा र ऋषिराम कँडेल, सशस्त्र प्रहरीका एआइजी नारायणदत्त पौडेल, डिआइजी सुरेश श्रेष्ठ, एसपी जीवन केसी, नेपाली सेनाका सहायक रथी मनोज बैदवार, प्रमुख सेनानी दिवाकर खड्का, प्रमुख सेनानी गणेश खड्का, सेनानी सन्तोष ढुंगेल, राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक कृष्णप्रसाद खनाल र सहअनुसन्धान निर्देशक रिबेनकुमार गच्छदारमाथि कारबाही सिफारिस गरिएको छ। अन्य प्रहरी अधिकारीको हकमा सशक्त छानबिन टोली गठन गर्न आयोगले सिफारिस गरेको छ।

सीता वादी...

पृष्ठ १ बाट क्रमशः

बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त भइन्। शीतलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथग्रहण गरेपछि सरकारी गाडीमा सिंहदरबारस्थित मन्त्रालयमा पदभार ग्रहण गर्दै गर्दा उनी भावुक बनिन्।

बुबा गोपाल र आमा पार्वती अहिले पनि भेरी नदी अनि झुप्राखोलामा बालुवा चालेर जीविका चलाइरहेका छन्। छोरी सीता अब माननीय मन्त्री बनेकी छिन्। उनी दलित समुदायभित्र पनि निकै पछाडि पारिएको वादी समुदायबाट मन्त्री बन्ने पहिलो हुन्।

रास्वपाबाट समानुपातिक सांसद रहेकी सीताले मन्त्री बनेपछि भनिन्, 'मेरो घर सुर्खेत हो। महिला दिदीबहिनीहरू धेरै समस्यामा छन्। ती समस्या नीतिगत रूपमा कानुनी दायरामा रहेर बढाउँछौं। महिलामाथि हुने हिंसा, बेचबिखन रोक्न नीतिगत व्यवस्था भए पनि कार्यान्वयन भएको थिएन। त्यसमा काम गर्नेछु।'

यसअघि कांग्रेसले ०७४ मा उमादेवी वादीलाई सुदूरपश्चिम प्रदेश सभा सदस्य बनाएको थियो। सीता भने प्रतिनिधिसभा सदस्य हुँदै मन्त्री बनेकी हुन्। लामो समयदेखि राज्यको मूलधारबाट पछि पारिएको, उपेक्षित र बहिष्कृत समुदायको आवाज अब संसद् हुँदै सरकारमा पुगेको छ।

कर्णालीबाट वादी समुदायको प्रतिनिधित्व गरेर सांसद बन्ने सीता पहिलो भएकामा मन्त्री नै बनेर इतिहास रचेको वादी समुदायका अगुवा हिक्मत वादीले बताए। 'अब मन्त्री भएपछि पछाडि पारिएका वर्गको आवाज सरकारले सुनुवाइ गर्नेछ,' उनले भने, 'यो हाम्रा लागि गर्वको कुरा हो। वादी समुदायको एक महिलालाई रास्वपाले ठुलो अवसर दिएको छ। यसलाई अवसरका रूपमा सदुपयोग गर्नुपर्नेछ।'

वादी समुदायमा जन्मिएर आफूहरूले भोगेका पीडा, शिक्षा, स्वास्थ्य, रोजगार, जातीय व्यवस्थामा आधारित शासन, सामाजिक अपमान र बहिष्कारलगायतका अपमान अब कुनै पनि समुदायका छोराछोरीले भोग्न नपरोस् भन्ने समाज निर्माण गर्नु आफ्नो राजनीतिक उद्देश्य भएको मन्त्री वादीले बताइन्। 'अब सरकारमा भुइँतहको साँचो आवाज पुग्नुपर्छ। यो यात्रा मेरो मात्र होइन, हाम्रो साझा यात्रा बनाऔं भन्ने उद्देश्य लिएर अघि बढेका छौं,' उनले भनिन्, 'यसमा सबैले साथ दिन आवश्यक छ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १४ चैत ०८२
nayapatrikaofficial @nayapatrika

सहरी गरिबी र जीविकोपार्जनको सवाल

किसान किन गाउँ छाडेर सहरी गरिब बन्न मजबुर बन्छ ?

जीविकोपार्जन



● डा. सविन निड्लेखु

राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकअनुसार कुल जनसंख्याको २०.२७ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन् । काठमाडौं महानगरपालिकामा समेत आठ लाख जनसंख्यामध्ये ५९ हजार दुई सय १८ नागरिक गरिबीको रेखामुनि छन् । सहरी गरिबीको संख्या किन न्यूनीकरण हुन सकेन ? उनीहरूको जीविकोपार्जन कसरी चलिरहेको छ ? यही सेरोफेरोमा केन्द्रित रही सहरी गरिबी, भूमि/भूमिहीनता विषयमा अध्ययन-अनुसन्धानरत डा. सविन निड्लेखुसँग ***शान्ति तामाङ****ले गरेको कुराकानीको सम्पादित अंश :*



सरकारी नीतिले उत्पादन गर्ने बजारलाई चलायमान राख्न गरिबी कायमै रहिरहन आवश्यक छ । कम ज्यालामा काम गर्ने श्रमिकविना खाडी सहर चल्दैन । अनि, त्यही ज्याला नेपाल नभित्रिए हाम्रो देशको शिक्षा, स्वास्थ्यलगायत अरू कस्मेटिक बजार कसरी चल्छ ? बजार तबसम्म चल्छ, जबसम्म गरिब गरिबीमै रहन्छ ।

मानिस आर्थिक हिसाबले कसरी गरिब हुन्छन् भन्ने सवालमा एकभन्दा धेरै आयाम हुन्छन् । सबै समस्याको स्रोत खोज्दै जाँदा अन्ततः पुगिने राज्यको दैलोमै हो, सिंहदरबारको ढोकामै हो । गरिबमुखी वैचारिकी, सोच र नीति भनेको समाजवाद हो । तर, हाम्रो राज्य कहिल्यै पनि समाजवादी हुन सकेन । शाह र राणाकालका राज्य निरंकुश, तानाशाह र सामन्ती चरित्रका थिए । तिनलाई प्रतिस्थापन गरेर आएको राज्य नवउदारवादी हुँदै अहिले दलाल पुँजीवादी भए । बजार अथवा निजी क्षेत्रलाई राज्यको नियमनभित्र ल्याउँदा तिनमा उत्तरदायी चरित्रको विकास गर्न सकिन्थ्यो होला । तर, त्यसो नगरी हामीकहाँ त उल्टो निजी क्षेत्रले नै सरकारी संयन्त्रभित्रका विभिन्न निकाय र ती निकायका प्रमुखलाई आफूप्रति निर्भर बनाइसकेका छन् ।

राज्यले बजारको चरित्र ग्रहण गरेपछि राज्य नवउदारवादी बन्यो । तिनै राज्य र तिनै बजार जब दलाल बन्छन्, तिनको गठजोडबाट आउने भनेको दलाल पुँजीवाद नै हो । पहिलेका तानाशाह निरंकुश राज्यले कहिले दलितद्वेषी हिन्दुवादी शिक्षा प्रणालीमार्फत त कहिले आदिवासीद्वेषी बजारमुखी भूमि ऐनमार्फत नागरिकको सांस्कृतिक लुटपाट गरे, र तिनै समुदाय पछि आर्थिक हिसाबले पनि कमजोर बने । 'उच्च' कहलिने बाहुन-क्षेत्री, चाहे त्यो तराईमा होस् या पहाड, शिक्षित, दीक्षित हुँदै पुस्तौंपुस्ता राज्य चलाउने निकायमा पुगे । कोही धनी र कोही गरिब त्यसरी बने । राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशन गरेको गरिबीको तथ्यांकको आवरणभित्रको कथा यिनै हुन् ।

२०४६/४७ को जनआन्दोलनमार्फत बहुदलीय प्रजातन्त्रको पुनर्बहालीपछि, खासगरी स्वास्थ्य र शिक्षा क्षेत्रमा आर्थिक उदारीकरणमार्फत खुला बजार भित्रिएपछि त्यसले गरिबीलाई कसरी प्रभाव पारेको छ भन्नेबारे जस्ता किसिमका अध्ययन अर्थविद् र मानवशास्त्रीले गर्नुपर्ने, गरेका छैनन् । हो, नेपालको गरिबी दर पछिल्लो दुई दशकमा पाँच प्रतिशतले घटेको छ । जुन नेपालजस्तै अन्य मुलुकको तुलनामा राम्रै मान्न सकिन्छ । तर, त्यसको ठुलो कारण त वैदेशिक रोजगारमार्फत आयातीत आयले न हो, जसलाई हामी रेमिट्यान्स भन्छौं । यसले गर्दा गरिबीको चपेटामा परेका घर-परिवारले आफ्ना छोराछोरी, बाउआमालाई अलि राम्रो मानिने निजी स्कुलमा पढाउन सक्ने, बिरामी पर्दा निजी अस्पतालमा जान सक्ने भएका छन् । तर, यसको कारण त घरेलु अर्थव्यवस्थामा कुनै गरिबमुखी आमूल परिवर्तन आएर होइन नि ! देशभित्रै शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता क्षेत्रमा राज्यले गर्दा गरिबमुखी संरचनात्मक परिवर्तन आएर गरिबी दर घटेको त होइन नि ! बरु खुला बजारले छाडा छाडेको निजी क्षेत्रले शिक्षा र स्वास्थ्य क्षेत्रलाई कमाइखाने भाँडो बनाएपछि, देशभित्रको महँगी थाम्न नसक्ने भएपछि, रैथाने किसान गाउँ छाडेर सहरी गरिब हुँदै प्रवासी श्रमिक हुन बाध्य भएकोचाहिँ हो । यसरी पनि हेर्नुपर्छ, राज्यको आर्थिक उदारीकरण, खुला बजार अनि सहरी गरिबीबिचको चक्रीय सम्बन्धलाई ।

सरकारी नीतिले उत्पादन गर्ने बजारलाई चलायमान राख्न, गरिबी कायमै रहिरहन आवश्यक छ । कम ज्यालामा काम गर्ने श्रमिकविना खाडी सहर चल्दैन । अनि, त्यही ज्याला नेपाल नभित्रिए हाम्रो देशको शिक्षा, स्वास्थ्यलगायत अरू कस्मेटिक बजार कसरी चल्छ ? बजार तबसम्म चल्छ, जबसम्म गरिब गरिबीमै रहन्छ । अन्य समुदायको तुलनामा मधेसी दलित समुदायमा बाल मृत्युदर दुईगुनाले बढी छ भनेर दुइ वर्षअघिको सरकारी तथ्यांकले देखाउँछ । त्यस्तै, सबैभन्दा पिँधको आर्थिक वर्गमा पर्ने परिवारमा ३० प्रतिशतले मात्र अस्पताल या क्लिनिकमा बच्चालाई जन्म दिन्छन् । त्यही कुरा धनी परिवारमा हेर्दा ९० प्रतिशत धनी परिवारका आमाले आफ्नो शिशुलाई अस्पतालमा जन्म दिन्छन् । मान्छेले गरिबीलाई जिउने यसरी हो । अब सोचौं, यहाँ आवश्यकता छ, पुँजीवादी खुला बजारको कि उत्तरदायी समाजवादी अर्थतन्त्रको ?

> यो सहर नजानिँदो तरिकाले महँगो भइसकेको छ । बस्न सक्ने, किनेर खान सक्ने आयातन खुम्चिँदै गएको छ । खासगरी, ०७२ को भूकम्पपश्चात् पुराना नेवारी घर पुनर्निर्मित हुँदा महँगा ग्राहक मात्र बस्न सक्ने आवास बने । ती संरचनाले जस्ता किसिमका मानिसलाई तानेको छ, त्यो क्रमिक रूपमा बढ्दै गयो भने ती ठाउँ महँगीले बसिनसक्नु हुन्छ ।

राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकअनुसार गरिबीको दर गाउँमा धेरै भए पनि गरिबको संख्या सहरमा धेरै छ । सबैभन्दा धेरै गरिबको संख्या काठमाडौंमा छ । सडक, अस्पताल, विद्यालय, क्याम्पसलगायत आधुनिक जीवनलाई चाहिने सबै कुरा सहरमा छ । तर, आर्थिक रूपले सबैभन्दा धेरै गरिबको संख्या यहीँ छ । किन यस्तो भयो ?

कस्तो विकास सुरु भयो भने अति साना र मझौला व्यवसायलाई संवर्द्धन, प्रवर्द्धन गर्ने होइन, कुलीन व्यापारी वर्गलाई चाहिने, उनीहरू समृद्ध हुने विकासको मोडल मात्र केन्द्रित भयो । स्थानीयलाई फाइदा पुग्ने क्षेत्रमा राज्यले लगानी कम गर्दै लगेको छ । जस्तो किसिमको विकासको मोडल गाउँमा भित्र्याइरहेका छौं, त्यसले गाउँमा प्रकोप बढेर गएको छ । त्यहाँदेखि नै रूपान्तरणको सिलसिला सुरु हुन्छ । एउटा सामान्य गाउँपालिकाको वार्षिक बजेट ३० देखि ३५ करोड रुपैयाँसम्म हुन्छ । वीरगन्जजस्तो ठुलो महानगरपालिकाको वार्षिक बजेट तीन अर्ब नेपाली रुपैयाँ वरीपरि छ । यो त्यस्तो महानगरपालिका हो, जहाँ 'नगर'भन्दा ग्रामीण वडा र टोलहरू बढी छन् । वडा नम्बर २० देखि ३२ सम्म त लगभग गाउँ नै गाउँ छ, तर भनिएको छ 'नगर' । अनि एकदेखि २० सम्म पनि ग्रामीण चरित्र भएका टोल धेरै नै होलान् । धेरै गाउँले बस्ने वीरगन्ज 'सहर'ले कृषि क्षेत्रमा वार्षिक दुई करोडभन्दा कम लगानी गर्छ, जबकि बजेट छ अर्बको तहमा । अब भन्नुस्, किसान किन गाउँ छाडेर सहरी गरिब बन्न मजबुर बन्छ ?

सडकपेटी र सुकुम्बासी बस्तीबिचको सम्बन्धलाई केलाएर हेर्ने हो भने सहरी गरिबको विशेषता त्यही हो । मेयर हुँदाताका बालेन जोमाथि खनिए, ती सहरका गरिब हुन् । हटाउन पर्ने थियो गरिबी, हटाउन खोजे गरिब । अहिले तिनै बालेन जनकपुरको सम्पदा बचाउने प्रण गर्दै हिँड्दै छन् । बालेनलाई प्रश्न- जनकपुरको सडकपेटीमा व्यापार जमाएर बस्ने सडक व्यवसायीबारे उनको राय के छ ? जानकी मन्दिरअगाडिको सडकपेटीलाई जीवन्त बनाउने सडक व्यवसायीविनाको जनकपुर कस्तो सम्पदा सहर बन्छ ? अनि तिनै बालेन अहिले झापाका सुकुम्बासीलाई न्याय दिलाउने सामाजिक न्यायका 'योद्धा' भएर निस्किएका छन्, विडम्बना !

अर्को प्रश्न यो पनि गर्न सकिन्छ, प्रायः मधेशका सहरमा बढ्दो रूपमा देखिन थालिएको हिन्दु-मुस्लिम तनावमा, धार्मिक अतिवाद र आर्थिक अथवा वित्तीय अतिवादबिचको सम्बन्ध के हो ? अर्को शब्दमा भन्नुपर्दा, यो देशको आर्थिक नीतिले ल्याएको विपन्नता र बेरोजगारी र धार्मिक अतिवादी हर्कतबिचको सम्बन्ध के हुन सक्छ ? छिमेकी राष्ट्र भारतमा, स्वास्थ्य, शिक्षा, रोजगारीजस्ता समाज कल्याणका क्षेत्रमा राज्य उपस्थित नहुँदा, त्यहाँ अतिवादी हिन्दुत्व सिद्धान्त, विचार र अभ्यास उत्पादन गर्ने 'राष्ट्रिय स्वयंसेवक संघ' (आरएसएस) लाई डेरा जमाउन सजिलो हुने भएको त अध्ययन अनुसन्धानले नै देखाउँछ । अनि, मान्छेलाई सामाजिक सेवा दिँदै पछि आरएसएसले आममानिसको दिमागमै डेरा जमाउँछ । यस्ता सम्बन्ध पनि केलाउन जरुरी छ, गरिबीको कुरा गर्दा ।

महँगो सहर

यो सहर नजानिँदो तरिकाले महँगो भइसकेको छ । बस्न सक्ने, किनेर खान सक्ने, जो आयातन छ, त्यो खुम्चिँदै गएको छ । खासगरी, ०७२ को भूकम्पपश्चात् नेवाः सम्पदाको लहरसँगै पुराना नेवारी घर पुनिर्मित हुँदा महँगा ग्राहक मात्र बस्न सक्ने आवास बनेर गए भने कुनै-कुनै फल्चा/पाटीहरू क्याफे बने । ती संरचनाले जस्ता किसिमका मानिसलाई तानेको छ, त्यो क्रमिक रूपमा बढ्दै गयो भने ती ठाउँ महँगीले बसिनसक्नु हुन्छ । त्यसको बाछिटा अन्त पनि फैलन्छ । वरपरिका सहर पनि महँगो हुँदै जान्छ ।

सहरी गरिबीको अवस्था सुधार भएको छैन । किनभने, महँगी चुलिँदै गइरहेको छ । काठमाडौंमा भाडामा बस्ने पनि विभिन्न टोल छ । टोलको पनि आफ्नै वर्गीय विशेषता छ । त्यही भाडा तिर्न नसक्दा मानिस खोलाका किनार पुग्छन् । अरू देशमा भाडा नियन्त्रण भन्ने हुन्छ । तर, नेपालमा बजारले जे भन्यो, त्यही भाडादर कायम हुन्छ । नेपालमा आर्थिक विकासको सम्भाव्यताले 'डिस्कोर्स'को रूप लिएको छैन । कुनै पनि कुराकानीले त्यो ठाउँको नागरिक समाज, आमवृत्त, नीति निर्माताले गम्भीर रूपले लिए मात्र त्यो डिस्कोर्स हुने हो । तर, त्यस्तो हुन सकेको छैन ।

अव्यवस्थित मजदुरको दैनिक ज्याला कामको किसिम हेरेर एक हजारदेखि १५ सयसम्म कायम छ । उनीहरूको ज्यालाको दर जुन प्रकारको छ, त्योभन्दा धेरै महँगो सहर भइसक्यो । अनि कसरी बस्न सक्ने सहरमा ? औनपचारिक क्षेत्र भए पनि राज्यको हस्तक्षेप चाहियो नि ! कि अनौपचारिक क्षेत्र हुनुहुँदैन भन्नुपर्‍यो । होइन भने त्यहाँ पनि निगरानी राख्नुपर्‍यो । त्यो निगरानी, नीति-नियम गरिबमुखी हुनुपर्‍यो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दुवैले गरिबी निवारणबारे बोलेको छ । स्थानीय तहको कार्यक्षेत्रअन्तर्गत गरिबी निवारण रहेको छ । तर, त्यस क्षेत्रमा बजेट नै विनियोजन हुँदैन । गरिबी निवारणबारे छलफल नै हुन्न । गरिब को हो भनेर पहिचान नै गरिँदैन ।

व्यापारीले जस्तो सेवा दिन थाले, त्यसले सहर झन् महँगो भयो । अस्पताल बन्यो, तर श्रमिकलाई केन्द्रबिन्दुमा राखेर बनाइएन । विद्यालय बन्यो, तर श्रमिक केन्द्रित भएन । यी क्षेत्रले झनै गरिबीको पुनरुत्पादन गरेका छन् । यो अनन्त उपक्रम हो । यी क्षेत्र जब गरिबमुखी हुन्छन्, तब राज्य पनि गरिबमुखी बन्छ । तर, राज्य गरिबमुखी हुनलाई कागजमा होइन, व्यवहारमा समाजवादी अर्थतन्त्र चलाउने जिम्मेवार र नागरिकप्रति उत्तरदायी निकाय हुन जरुरी छ ।

नेपाली कांग्रेसको नीति/सिद्धान्त छ- सामाजिक लोकतन्त्र । अवसर पाउँदा सिद्धान्तलाई व्यवहारमा लागू गर्छन् कि गर्दैनन् हेर्दै जाऊँ । नयाँ भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीले समेत पुरानोले काम गरेन, नयाँ गर्छौं बाहेक केही भन्दैन । सहरी गरिबी हटाउन नयाँ के गर्ने ? काठमाडौंलाई सस्तो बनाउन, बस्न सहज बनाउन नयाँ के गर्ने ? शिक्षा, स्वास्थ्य, पर्यावरण, जलवायु परिवर्तनमा के नयाँ गर्ने ? कृषि उत्पादन घटेर गएको छ, त्यसमा के नयाँ गर्ने ? उत्पादित वस्तुले बजार पाएको छैन, त्यसमा के नयाँ गर्ने ? छुवाछुत अझै कायम छ, यसमा के नयाँ गर्ने ? यसबारे केही पनि छैन । विडम्बना मान्नुपर्छ, नयाँ पार्टी जन्मिँदै बिरामी जन्मिए ।

०६२/६३ पछि माओवादीहरू सहर पसे । सहर पसेपछि पार्टीसँगै धेरै जनमुक्ति सेनाका सदस्य पनि आए । सहरमा गैरकानुनी ढंगले अभिजात वर्गले भूमि ओगटेर बसेका छन् । ती भूमि पुनः दाबी गर्ने भनेर उनीहरू आए । नेतृत्वले सबैलाई वासको व्यवस्था हुन्छ भनेर आश्वासन दिए । हप्ता, महिनापछि जनमुक्ति सेनाबाट सहरी श्रमिक, घरेलु श्रमिक, होटेल, रेस्टुरेन्टमा श्रमिक, सेक्युरिटी गार्ड हुँदै धेरै सडकपेटी व्यवसायीमा परिणत भए । पछिल्लो समयमा अरू भागबाट जस्तै सुकम्बासी बस्तीबाट पनि वैदेशिक रोजगारीका लागि खाडी मुलुक जाने क्रम बढेको छ । यो प्रचलन बढेपछिको सकारात्मक पाटो भनेको शिक्षा र स्वास्थ्यमा लगानी गर्ने हैसियत वृद्धि भएको छ । यो सहरले दिने आर्थिक अवसरमा निर्भर हुनुपरेको छैन । त्यसैले वैदेशिक रोजगारी पनि उनीहरूको जीविकोपार्जनको स्रोत बन्न पुगेको छ ।

मानसिक, शारीरिक स्वास्थ्यका हिसाबले होइन कि आर्थिक सुरक्षाका हिसाबले यहाँभन्दा त्यहाँ सुरक्षित भए । त्यसले गर्दा सुकुम्बासी बस्तीमा घरधुरीको संख्या थपिने क्रम कम भएको छ । बस्तीबाट कतिपय घरधुरी निस्केको अवस्था छ । बालेनले डन्डा चलाउन थालेपछि केही घर रातारात गायब पनि भएका छन् । बालेनले चोकमा नांग्लो नथाप भन्यो । मुख्य चोकवरपर ठेलागाडा नराख भन्यो । केही मानिसले बस्तीकै अगाडि नांग्लो पसल राखे । ठेलागाडा राखे । त्यहाँ ग्राहक आएनन् । त्यसपछि मान्छेहरू रातारात निस्किए ।

जीविकोपार्जनको कुरा गर्दा सडकपेटी र सुकुम्बासी बस्तीको अन्योन्याश्रित सम्बन्ध हुन्छ । यो सम्बन्ध टुटाउनु भनेको जसोतसो खुट्टा अडाएर बसेको परिवारलाई अझै जिस्क्याउनु, खिसिटिउरी गर्नु हो । तर, अति गर्नुहुँदैन । कमजोरको रिसले सामूहिकता पायो भने त्यसलाई कसैले रोक्न सक्दैन ।

नेपालजस्तो ठाउँमा सहर र गाउँको अन्योन्याश्रित सम्बन्ध छ । काठमाडौंबाट दुई-तीन किलोमिटर हिँड्नेबित्तिकै गाउँपालिका छ । एक ठाउँबाट अर्को ठाउँमा जान धेरै कसरत गर्नुपर्दैन । त्यसैले, गाउँलाई हेर्ने विकासको जुन अवधारणा छ, त्यसलाई हामीले कट्टर रूपमा नयाँ तरिकाले सोचेनौं भने सहरका गरिब बढेर जाने सिलसिला भइरहन्छ । नवउदारवादी पुँजीवादको नाममा दलाल पुँजीवाद संस्थागतको कसरत जो चलिरहेको छ, त्यसमा ब्रेक लागेन भने त्यसको मात, हविगत आर्थिक हिसाबले भोग्नेचाहिँ पिँधमा परेकाहरूले नै हुन् ।

नेपालीको जीवनस्तर राम्रो भइरहेको छ भनेर जुन तथ्यांक सार्वजनिक भएको छ । कसरी राम्रो भइरहेको छ भनेर हेर्न जरुरी छ । यसलाई रेमिट्यान्ससँग जोडेर हेरिएको छ । गाउँ-गाउँमा सबैले स्मार्टफोन चलाउन सक्नुको कारण, सरकारीबाट निजी स्कुलमा लैजान सक्नुको कारण, धनकुटाको कुनै गाउँमा भएको दुर्घटनाको घाइतेलाई उपचारका लागि धरान झार्नुको कारण यो चलायमान पुँजी नै हो, जुन विदेशबाट आउँछ । खाडीबाट आउँछ । तर, यो कहिलेसम्म ? १०-१५ वर्ष मान्छे खाडीमा बसेर फर्किँदासम्म यहाँको अर्थतन्त्रलाई धेरै योगदान दिइसकेको हुन्छ । तर, उसले १० वर्ष खाडीमा बसेर जुनसुकै सहर फर्किँदा १० वर्षअघिभन्दा धेरै नै व्यवस्थित सीप बोकेर फर्केको हुन्छ । राज्यले त्यो सीपलाई समेट्ने बजारको समेत व्यवस्था गर्न सकेको छैन । राज्य त्यतिसम्म अनुत्तरदायी भएको छ । यो सबैलाई हेर्दा सहरी गरिबीको स्थितिमा खासै सुधार आउँछ जस्तो लाग्दैन ।

माटो र गरिबबिचको सम्बन्ध

अर्को केलाउनुपर्ने विषय भनेको माटो र गरिबबिचको सम्बन्ध हो, जसको केही पाटो माथि नै राखिसकिएको छ । गाउँको परिवेशमा गरिबका लागि माटो भनेको थोरबहुत जतिसुकै भए पनि व्यक्तिगत स्वामित्वमा भएको तर राष्ट्रिय विकासे नीति र बजेटले नजरअन्दाज गरेको खेतबारी र त्यहाँ उत्पादित अन्नबाली हो, जसले न्यायोचित बजार कहिल्यै पाएन । केही त 'प्राकृतिक' भनिने प्रकोपले निल्यो । त्यही अपहेलित गाउँले किसान आफ्नो थातथलोमा सम्भावना नदेखेर जब सहर पस्छ, उसका लागि माटो भनेको अनधिकृत रूपमा दाबी गरेर बसिखाने प्रायः खोलाकिनारको केही वर्गफिटको सानो माटोको भूभाग हो । किनकि, त्यति गर्दा मात्र महँगो सहरमा जीविकोपार्जन टार्न सम्भव हुन्छ ।

अहिले मधेशको सिराहा, सप्तरीको खोलाकिनारका गाउँ विस्थापन हुने क्रम जारी छ । सरकारले तोकेको नियम तोडेर बस्तीको नजिकै ऋसर राखिदिन्छ । बस्तीको नजिकै बालुवा उत्खनन गरिदिन्छ । त्यसपछि बस्तीमा बस्ने गाह्रो हुन्छ । त्यहाँको मलिलो माटो सुक्खा हुन थाल्छ । त्यहाँबाट बग्ने खोलानाला बग्न छोड्छन् । सिराहा, सप्तरीदेखि ताप्लेजुङको लिम्बू, रसुवाको तामाङको कुरा पनि त्यस्तै हो । रसुवामा जुन हिसाबले हाइड्रोपावरको निर्माण भइरहेको छ, हाइड्रोपावर उत्पादित ऊर्जा र त्यसको राष्ट्रिय खपतबिचको सम्बन्ध कस्तो हुन्छ ? ऊर्जा उत्पादन र विविधीकरणसम्बन्धी नयाँ सोच बनाउने कि नबनाउने ? 'नयाँ' भनिने कुलमान घिसिङको 'उज्यालो पार्टी'ले यसबारे संवाद गर्नुपर्थ्यो । त्यसमा समुदायको संलग्नता हुनुपर्‍यो । पानी नपाएपछि खोला मर्छ । खोला मरेपछि वरपरका खेतबारी पनि मर्ने भए । खेतबारी मरेपछि तल्लो भेगमा बस्ने लिम्बूको अलैंची खेती मर्छ । अलैंची खेती नभएपछि परिवार कसरी पाल्ने ? अनि जीविकोपार्जनका लागि मधेश हुँदै काठमाडौं सहर आउनुपर्‍यो ।

सहरी गरिबीबाट मुक्ति


संविधानको धारा-उपधारामा लोकतन्त्र देखिन्छ । संघीयता देखिन्छ । व्यवहारमा त त्यसलाई लागू गरिएको छैन । व्यवहारमा त नवउदारवादी पुँजीवाद नै हो । व्यवहारमा व्यापारिक वर्ग, उच्च तहको र शक्तिशाली राजनीतिक पार्टीको नेताले चलाएको अर्थतन्त्र नै हो । त्यसमा कतै न कतै दातृसंस्था घुसेका छन् । ती दातृसंस्थासँगै ठेकेदार घुसेका छन् । यी चार-पाँच किसिमका मान्छेले चलाएको अर्थतन्त्र नै अहिलेको अर्थतन्त्र हो । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीयस्तरमा विकासका लागि बजेट विनियोजन जसरी गर्ने भनिएको छ, त्यसरी नै गर्ने हो भने यति धेरै अस्तव्यस्त जीवन हुने थिएन ।

व्यक्तिको जीवनमा कुनै एक दिन घटेको घटना, उसले पढेका ठुला किताबबाट पाएको ज्ञानले भन्दा जीवन जिउने क्रममा दैनिक जीवन कस्तो बिताउँछ, जीवन बिताउने क्रममा कस्तो संगत गर्छ ? त्यसले उसको चेत र चेतनामा असर पार्छ ।

जनआन्दोलन सकिएपछि त्यसको अगुवाइ गर्ने प्रचण्ड राज्य सम्हाल्ने क्रममा संगतले बिस्तारै परिवर्तन हुँदै गए । संगत व्यापारीसँग भयो । सांस्कृतिक हिसाबले सीमान्तकृत, बहिष्कृत नागरिक जो छन्, उनीहरूसँग अटुट संगत हुनुपर्ने, तर शक्तिमा गएपछि संगत टुट्यो । त्यसपछि यी किसिमका कुरा देख्दै जानुपर्ने अवस्था भयो ।

यो व्यवस्थाले सहरी गरिबीलाई हटाउँदैन । समाजवादउन्मुख संविधानले बोकेको मर्मलाई व्यवहारमा उतार्न सकियो भने समाधान यहीं छ । तर, यसलाई कार्यान्वयन गर्ने इच्छाशक्ति भएका नेता आएनन् । जसोतसो लोकतन्त्र परिपक्व हुँदै गएपछि राज्यका जति पनि निकाय छन्, ती अलिकति उत्तरदायी हुँदै गएपछि संविधानका धारा, उपधाराले पनि जीवन जिउने आधार पाएपछि गरिबको मुक्ति हुँदै जाला । तर, म त्यो कुरामा विश्वास गर्दिनँ । नेपालको परिप्रेक्ष्यमा त्यो देखिँदैन ।

आवश्यक छ, विद्यालयमा मनोसामाजिक परामर्श



चार-पाँच कक्षा पढ्ने विद्यार्थीमै विभिन्न मनोसामाजिक समस्या देखिएका छन्, जुन विकराल छ। छात्राहरू यौन दुर्व्यवहारमा परेका घटना पनि धेरै छन्।

शिक्षा



● प्रतिभा भट्टराई सापकोटा
मनोपरामर्शदाता

पाँच कक्षा पढ्ने एकजना विद्यार्थी स्कुल आउँछु भनेर साथीको घर बस्न थालेको केही समय भइसकेको रहेछ। धेरैपटक नै स्कुल गयल भएपछि हामीले खोजखबर गर्‍यौं। आमाबुबा नै वैदेशिक रोजगारमा भएकाले उनी मामाको जिम्मामा काठमाडौंमा बसेकी थिइन्। खोज्दै जाने क्रममा बच्चा मामाबाटै यौन दुर्व्यवहारमा परेकी रहिछिन्। त्यसपछि हामीले अभिभावकलाई घटनाबारे जानकारी गराएर मामालाई गाली गर्‍यौं। अहिले त्यो समस्या समाधान भएको छ।

कक्षा आठमा पढ्ने विद्यार्थीको बुबाआमाको अन्तरजातीय विवाह भएको रहेछ। सात कक्षासम्म राम्रो विद्यार्थी कक्षा आठमा पुगेपछि एकाएक चुपचाप बस्न थाल्यो। बुझ्दै जाँदा उसले भन्यो, 'अचेल रातभर निद्रा लाग्दैन।' यसको हुनुको कारण रहेछ, 'दाइ विदेश गयो। पैसा कमाउन थाल्यो। उसले घरमा पैसा पठाउन छाड्यो। मैले केही गर्न सकिनँ भने बुबाआमाको सपना कसले पूरा गरिदेला ?' अर्को कारण, उनकी आमा अर्को जातको भएकाले पारिवारिक भेटघाटको क्रममा हजुरआमा, फुपूले परिवारका अन्य सदस्यसँग बसेर खाना खानसमेत नदिने रहेछ।

कक्षाकै केटा साथीहरूले उनको शरीरका विभिन्न भाग छुने रहेछन्। अश्लील शब्द पनि प्रयोग गर्ने रहेछन्। आफूनै साथीबाट भएको दुर्व्यवहारले उनमा पीडा भएको रहेछ। योबारेमा मैले जानकारी पाएपछि समूह मात्र हिँड्न र केही भएमा मलाई भन्नु भनेर विश्वास दिलाएँ। उसको अभिभावक बोलाएर पनि छोरीको अवस्थाको बारेमा बताएँ। कतिपय व्यवहार उमेरसँगै हर्मोन परिवर्तनका कारण हुने गर्छ भनेर सम्झाएँ। अहिले ती विद्यार्थी कक्षा आठमा पढ्दै छिन्। उनको पढाइमा पनि धेरै सुधार आएको छ।

विद्यार्थीमा देखिने यस्ता समस्या केही उदाहरण मात्र हुन्। यस्ता धेरै समस्या विद्यार्थीमा देखिन्छन्। पछिल्लो समय काठमाडौं महानगरपालिकाले दिएको मनोसामाजिक परामर्श लिएपछि हामीले समिति नै बनाएर काम गरिरहेका छौं। यसले विद्यार्थीको समस्या धेरै उजागर भएको छ। महानगरपालिकाले दुई दिनको तालिम आयोजना गर्‍यो। तर, त्योभन्दा धेरै काम हामीले अभ्यासमा गरिरहेका थियौं।

म स्कुलमा मात्र होइन, घरका बच्चाहरूसँग पनि धेरै घुलमिल हुन्छु। सरकारले निःशुल्क स्यानिटरी प्याड वितरण गर्नुभन्दा अघि नै म आफ्नो झोलामा प्याड बोकेर ल्याउँथे। विद्यार्थीलाई आवश्यक परेमा भन्नु भन्थ्यौं। पैसा हुनेले दिन्थे। नहुनेले दिँदैनथे। पहिले मनोसामाजिक परामर्श नै भन्ने जानकारी थिएन। तर, बच्चाको समस्यालाई बुझ्नुपर्छ। पढपढ मात्र भन्नु हुँदैन भन्ने थियो।

स्कुलबाट घर जाँदा होस् अथवा घरबाट स्कुल जाँदा केही समस्या भएमा हामी छौं भन है भन्ने गर्थौं। त्यसैले सबैले मलाई आफ्ना कुरा भन्थे। यस्ता कुरा मैले जानेर गरेको थिइनँ। परामर्शको विधि के हो ?, के प्रश्न सोध्ने ?, के नसोध्ने ? भन्नेबारेमा जानकारी थिएन। आफ्नो अनुभवको आधारमा बच्चाको प्रतिक्रियाअनुसार काम गरेको हो।

■ विद्यार्थीमा देखिने समस्या

महानगरको तालिमपछि हामीले मनोपरामर्शको कामलाई अलि व्यवस्थित बनायौं। पहिले हामी विद्यार्थीको समस्यालाई एक्लाएक्लै समाधान गर्ने प्रयास गर्थ्यौं। कक्षा शिक्षककै अग्रसरतामा समाधानको काम हुन्थ्यो। त्यसपछि इन्चार्ज, सहायक प्रधानाध्यपकसमेत मिलेर परामर्श दिन्थ्यौं। अहिले समूह नै छुट्याएकाले धेरै जटिल अवस्था छ भने जो शिक्षकसँग विद्यार्थीले सहज महसुस गर्छन्, त्यही शिक्षकले परामर्श गर्छन्।

चार-पाँच कक्षा पढ्ने विद्यार्थीमै विभिन्न मनोसामाजिक समस्या देखिएका छन्। जुन समस्या विकराल छ। विद्यार्थीमा देखिने मुख्य समस्या लभ अफेयरका कारण हुने एन्जाइटी र डिप्रेसन नै हो। छात्राहरू यौन दुर्व्यवहारका परेका घटना पनि धेरै छन्। कक्षाकै साथीले दुर्व्यवहार गर्ने, बाटोमै दुर्व्यवहारमा पर्ने, परिवारभित्रकै सदस्यबाट दुर्व्यवहार पर्नेजस्ता घटना छन्। लागुपदार्थ दुर्व्यसनीमा पसेका घटनाहरू पनि छन्।

सोसल मिडियाको गलत प्रयोगबाट निस्किने दुर्घटना अर्को समस्या हो। हाम्रो स्कुलमा पढ्ने धेरै विद्यार्थी निम्नवर्गका विद्यार्थीहरू छन्। ती विद्यार्थीका आमाबुबा वैदेशिक रोजगारीमा छन्। ज्याला मजदुरीमा छन्। निश्चित परिवारले मात्र आफ्ना छोराछोरीलाई समय दिन्छन्। त्यसैले स्मार्ट फोनबाट हुने हानिका बारेमा उनीहरूलाई जानकारी हुन्न। बच्चालाई अनावश्यक साइटबाट हुने नकारात्मक असरबारे पनि थाहा हुन्न। बच्चाको व्यवहार राम्रो हुने, उनीहरूको आत्मविश्वास बढ्नेजस्ता कुरा आमाबुबाबाटै सिक्नुपर्ने हो। घरमै मजबुत बच्चा सर्धै मजबुत नै हुन्छ। ती काम अभिभावकबाट हुँदैन।

यदि विद्यार्थीहरूले समस्या झेरिरहका हुन्छन् भने विद्यार्थी पढाइमा कमजोर हुन्छ। पढाइमा ध्यान हुँदैन। गुपचुप रहन्छ। ससाना कुरामा आत्तिन्छ। रोइहाल्छ। धेरै ट्वाइलेट गइरहने गर्छन्। यदि त्यस्ता विद्यार्थी देखिएमा' बोलाएर सोधिहाल्छु। त्यस्ता बच्चासँग दुई-तीनपटक कुरा गरेपछि सबै भनिहाल्छन्। कतिपयले एकैपटकमा पनि भनिसक्छन्।

लामो समय शिक्षण पेसामा भएकाले कतिपय आफैं आएर समस्या भनिहाल्छन्। तर, विद्यार्थीसँग बसेर कुराकानी गर्नका लागि निश्चित कोठा छैन। कक्षा भइरहेको हुन्छ, त्यही वेला कुनै शान्त ठाउँमा बोलाएर कुरा गर्छु। विद्यार्थीको गोपनीयतालाई पनि ध्यानमा राख्दै कोठाको व्यवस्था गर्नुपर्छ। परामर्शका लागि खुला ठाउँमा बच्चाले सहज अनुभव गर्दैनन्।

समस्या देखिएका विद्यार्थीसँग कुरा गर्छु। हामीले सम्झाएर भएन भने अभिभावक बोलाएर पनि कुरा गर्छौं। अभिभावकले पनि कुरा नबुझेको अवस्थामा विद्यालय नर्सलाई भन्छौं। त्यसपछि पनि कुनै सुधार आउन सकेन भने कान्ति बाल अस्पतालको मानसिक विभागमा समेत पठाउँछौं। उपचारपछि ठिक भएर सामान्य भएका पनि धेरै विद्यार्थी छन्।

परामर्शको कारण विद्यार्थीमा धेरै फाइदा पुग्ने गरेको छ। मनोसामाजिक परामर्श भनेको गहिरो विषय हो। हामीमा यसबारे धेरै जानकारी छैन। विद्यालयमा पनि अभिभावकले सहयोग नगरेसम्म कुनै पनि समस्याको समाधान हुँदैन। विद्यार्थी, शिक्षक र अभिभावकको त्रिकोणात्मक सम्बन्धबाट स्कुल बनेको हुन्छ। अभिभावकको सहयोग नभएका कारण कतिपय विद्यार्थीलाई अलपत्र छाड्नु परेको अवस्था पनि छ।

प्रस्तुति : शान्ति तामाङ

बालेनको राजनीतिक छलाङ ज्यापर देखि प्रधानमन्त्रीसम्म



प्रोफाइल



● शिवहरि घिमिरे

फरक शैलीबाट राजनीतिक यात्रा थालेका बालेन्द्र शाह (बालेन)ले शुक्रबार ४३औं प्रधानमन्त्रीका रूपमा देशको बागडोर सम्हाले। बालेनको राजनीतिक यात्रा छोटो तर रोचक छ। शपथ र पदभार ग्रहण गर्न शुक्रबार शीतलनिवास र सिंहदरबार पुगेका उनी ०४६ का कान्छा प्रधानमन्त्रीसमेत हुन्। उनले राजनीतिमा हामफालेको छोटो समयमै छलाङ मात्रै मारेनन्, विगतका शीर्ष दलहरूलाई किनारा नै लगाए। युवाशक्तिलाई मूलधारको राजनीतिमा ल्याए।

स्वतन्त्र उम्मेदवारको रूपमा काठमाडौं महानगरपालिकामा लौरो चुनाव चिह्न लिएर ०७९ को स्थानीय तह चुनाव जितेका उनी साढे तीन वर्षको अन्तरालमै देशको प्रधानमन्त्री बने।

१४ वैशाख ०४७ मा काठमाडौं महानगरपालिका- ९ नरदेवीमा जन्मिएका उनी बुबा स्व. रामनारायण शाह र आमा ध्रुवादेवी शाहका कान्छा छोरा हुन्। हाल उनको परिवार तीनकुनेको गैह्रीगाउँमा बस्न आएको छ। उनले छोटो समयमै सिभिल इन्जिनियर, संरचनात्मक अनुसन्धानकर्ता, काठमाडौंका पूर्वमेयर, लेखक र पूर्वाधार विकास, सम्पदा संरक्षण र सार्वजनिक नेतृत्वमा बहुआयामिक अनुभव बटुलेका छन्। साथै, उनी सांगीतिक क्षेत्रमा पनि लोकप्रिय च्यापर हुन्। प्रायः देशभक्त, बेथिति, युवा वेदना र समस्यामा केन्द्रित भएर च्याप गाउँछन्। उनले हालसम्म २५ भन्दा बढी च्यापमा स्वर भरेका छन् 'अश्र' कवितासंग्रह प्रकाशित छ।

बालेनको पुख्र्यौंली घर महोत्तरी हो। तर, उनी त्यहाँको जनजीवनसँग त्यति घुलमिल हुन पाएनन्। काठमाडौंमै जन्मेहुर्केका उनी यहींको वातावरणसँग बढी घुलमिल भए। साथीसंगी यहींका बनाए। महोत्तरीमै जन्मेहुर्केका उनका बुबा आयुर्वेदिक चिकित्सक थिए। पढाइ रोजगारीको सिलसिलामा काठमाडौं हानिएका उनले यतै घर बनाए। बालेनका एक दाइ कौशल शाह, एक दिदी र एक बहिनी छन्।

उनका बुबा र बाजेले महोत्तरीमा धेरै समय बिताए पनि बालेन भने त्यहाँको स्थानीयसँग त्यति नजिक भएनन्। यद्यपि, उनी महोत्तरीको पुख्र्यौंली घरमा वेलावेला आउजाउ गर्छन्।

बालेन सडक नाटक तथा विद्यालयमा हुने सांगीतिक कार्यक्रममा समेत उत्तिकै सहभागी हुन्थे। साथै, सानैदेखि च्याप गीत गाउँथे। उनी च्यापमा पनि फरक किसिमको हिपप च्याप गाउन बढी रुचि राख्थे। त्यसमा उनले राज्यका बेथिति र नागरिकका आवाज उठाउँथे। शाहले मेडिकल शिक्षाका अभियन्ता डा. गोविन्द केसीको आन्दोलनमा समेत नजिकबाट साथ दिएका थिए।

उनले नरदेवीस्थित जलजला स्कुलबाट विद्यालय तहसम्मको शिक्षा लिएका थिए भने उच्च माध्यमिक तहको अध्ययन तीनकुनेस्थित भिएस निकेतनबाट गरे। उनले एसएसली अलाइन्स स्कुलबाट दिएका थिए। त्यसपछि उनलाई बुबाले डा. पढाउने भने पनि उनले आफ्नो रुचिको विषय इन्जिनियरिङ नै पढे। उनले पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा इन्जिनियरिङ स्नातक (बिई) तहको अध्ययन सकाए। त्यसपछि स्नातकोत्तर तहको अध्ययन गर्न भारतको बैंगलोर हानिए। त्यहाँको चर्चित विश्वेश्वरय्या टेक्नोलोजिकल युनिभर्सिटीबाट स्ट्रक्चरल इन्जिनियरिङमा (एमटेक) सम्मको अध्ययन गरे। त्यसलगत्तै नेपाल फर्किए। यहीं स्ट्रक्चरल इन्जिनियरिङमा काम गर्न थाले। हाल काठमाडौं विश्वविद्यालय (केयू)बाट पिएचडी गर्दै छन्।

समाजसेवी सोचका शाहले 'बालेन कन्सल्टिङ र कन्स्ट्रक्सन प्रालि' मार्फत ०७२ को भूकम्पपछि प्रभावित क्षेत्रमा पुगेर आवास निर्माणका लागि निःशुल्क काम गरे। नेपालका करिब ६५ जिल्लाहरूमा समेत पुगेर

साप्ताहिक राशिफल

१४ चैत (शनिबार)
२० चैत (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सामाजिक कार्यमा संलग्न हुँदा पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने र नयाँ काममा सफलता मिल्ने योग छ। व्यापारमा सफलता सोचेजस्तै मिल्नेछ। यात्रा गर्ने अवसर मिल्नेछ। धनआर्जन पनि राम्रै हुनेछ। धेरैले भरोसा गर्ने योग भए पनि शुक्रबार विवाद शत्रु बढ्ने स्वास्थ्यमा संकट आउने छ। अरूको समस्याले आफूलाई पीडित बनाउने हुनाले संयम अपनाउनुपर्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको सुरुमा जोश र जाँगर बढ्नेछ आँटेका काममा सजिलै सफलता हासिल गर्न सकिनेछ। व्यापारमा केही कठिनाइ आउनेछ। यात्रा गर्ने अवसर मिले पनि विवादको सामना धेरै गर्नुपर्ला। अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ। दाम मनग्ये कमाउने अवसर मिल्ने योग छ। घरेलु काममा सफलता मिल्नेछैन। भाग्य बलियो हुने र धर्ममा रुचि बढ्नेछ। सामाजिक क्षेत्रमा सुधार आउने योग छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

समयले मध्यम फल दिनेछ। पराक्रम बढ्नुको साथै काममा सफलता मिल्नेछ। यात्रा तथा व्यापारमा लाभ हुनुको साथै भेटघाटबाट प्रसन्नता बढ्नेछ। संयम हुँदै प्रयत्न गर्दा तपाईंको लगनशीलता र इमान्दारिताको तारिफ गर्नेहरू धेरै हुनेछन्। पढाइमा सफलता मिल्नेछ। नयाँ काम पाउने सम्भावना प्रशस्तै देखिन्छ। राज्यबाट सम्मान पाउने योग रहेको छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

काममा उतारचढाव आउने योग छ। विश्वास गरेकाले नै धोका दिनेछन्। कुरा काट्नेहरू बढ्नेछन्। गलत विचार बढ्नुको साथै धार्मिक कार्यमा अरुचि बढ्नेछ। विनाकारण दुःख पाउने समय छ। पराक्रमको आडमा अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग भए पनि संयमता पाहिला-पाहिलामा अपनाउनुपर्ला। सानो भुलको पनि परिणाम ठुलो हुन सक्छ गोपनीयता अपनाउनु वेश होला।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सुरुमा सोच्ने शक्ति बढ्नेछ। धन मनग्ये कमाउने अवसर मिल्नेछ। अरूको विश्वास आफूतिर बढाउन पनि सकिनेछ। महत्त्वपूर्ण जिम्मेवारी आफूमाथि आउनेछ। घरजग्गा जोड्ने समय छ। प्रयास गर्दा सफलता पाउनुहोला। पढाइमा रुचि बढ्नेछ। बौद्धिकता बढ्ने धर्ममा रुचि बढ्नेछ। राज्यबाट सम्मान पाउने योग रहेको छ। बोलीको प्रभावमा अरूको मन जित्न सकिए पनि परिवारबाट सहयोग मिल्नेछैन।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

पढाइमा सफलता पाउने योग कायमै छ। नाम कमाउने अवसर पनि मिल्नेछ। काममा सुधार आउनेछ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग रहेको छ। भोजभतेर र सभासम्मेलनमा जाने अवसर मिल्नेछ। तपाईंको लगनशीलता र इमान्दारिताको प्रशंसा गर्नेको कमी नहोला। कुरा काट्नेहरू बढ्ने हुँदा संयम हुनुहोला।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

प्रशंसनीय कार्य गर्ने अवसर मिल्नेछ। भेटघाटमा अरूबाट हुने प्रशंसाले खुसी हुने योग छ। भाग्यले साथ नदिए पनि कर्म बलिया भएकाले गरेका कामबाट आमदानीको स्रोतहरू प्रशस्त प्राप्त हुनेछन्। आत्मविश्वास बढ्ने भएकाले ठुला व्यक्तिसित अन्तर्क्रिया हुने र उनीहरूबाट सम्मान पाउने योग छ। वैदेशिक कार्यमा महत्त्वपूर्ण सफलता हात पार्न सकिनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

पढाइमा राम्रो सफलता अलि कसरत गर्नुपर्ला। व्यापारमा गरेका प्रयास फलदायी रहनेछन्। धन मनग्ये कमाउने अवसर मिल्नेछ। सभासम्मेलनमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर पनि पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। राज्यले तपाईंको इमान्दारिताको मूल्यांकन राम्रो गर्नेछन्। ठुला व्यक्तिसामु आफूलाई स्थापित गर्न सकिनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको सुरुमा धार्मिक र सामाजिक काममा संलग्न हुँदै आयमूलक कार्यका लागि अघि बढ्ने अवसर मिल्नेछ। भाग्यले साथ दिने योग छ। ठुला व्यक्तिबाट मानसम्मान पाउने परिश्रमबाट काम बन्ने तथा देशको प्रतिनिधित्व गर्दै विदेश जाने अवसर पाउनुहोला। धन मनग्ये कमाउने अवसर मिलनेछ। प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)


पढाइमा सोचेभन्दा बढी सफलता मिल्नेछ। व्यापारमा गरेका प्रयास फलदायी रहनेछन्। वैदेशिक कार्य सोचेभन्दा राम्रोसँग अघि बढ्नेछ। लगनशीलता र इमान्दारिताको प्रशंसा गर्नेको कमी नहोला। शुक्रबार र शनिबार स्वास्थ्यमा संकट आउने र मनमा चिन्ता बढ्ने काममा बाधा सिर्जना हुनेछ। लेनदेनमा अघि नबढ्नु उचित हुनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

यात्रा गर्ने अवसर मिल्नुका साथै व्यापारमा लाभ मिल्ने योग रहेको छ। भाग्यले साथ दिनेछ। बुधबार वृहस्पतिबार शत्रु बढ्ने, मन अशान्त हुने आर्थिक संकट बढ्नेछ। स्वास्थ्यमा संकट आउनाले काम रोकिने र मन चिन्तित हुने देखिन्छ। महत्त्वपूर्ण काम नगर्नु नै उचित हुनेछ। आर्थिक कारोबारमा अघि नबढ्नु नै उचित हुन्छ। विश्वास गरेकाले नै धोका दिन सक्ने भएकाले संयम हुनुहोला।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

व्यापारमा लाभ हुनुको साथै धार्मिक कार्यमा रुचि बढ्ने भाग्यले साथ दिने हुँदा मनोबल पनि बढ्नेछ। यात्रा गर्ने अवसर पनि मिल्नेछ। मानसम्मान पनि पाउनुहोला। आफन्तहरूको उचित सहयोग पाउनुहोला। पढाइमा सफलता राम्रै मिल्नेछ। अरूको मन जित्न सकिनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। ठुला व्यक्तिको विश्वासको पात्र भई अघि बढ्ने अवसर मिल्नेछ।



बालेन मूलतः ०७९ देखि राजनीतिमा सक्रिय हुन थाले । उनी युवामाझ च्याप ब्याटल गायकका रूपमा बढी परिचित भए । यस विधामा हुने प्रतियोगितामा उनले पटक-पटक जित हात पारेका थिए । काठमाडौं महानगरको मेयर बनेपछि पनि उनले आफ्नो सांगीतिक यात्रालाई सँगसँगै अघि बढाइरहे । प्रधानमन्त्री बन्नुभन्दा ठिक एक दिनअघि बिहीबार साँझ मात्रै उनले 'जय महाकाली' च्याप सार्वजनिक गरे ।



शुक्रबार शीतलनिवासमा प्रधानमन्त्रीको शपथ लिँदै बालेन । तस्बिर : **अमुल थापा**

काम गरेका उनी चुनावी प्रचार-प्रसारको वेला पनि देशका अधिकांश जिल्लामा पुगे ।

उनी मूलतः ०७९ देखि राजनीतिमा सक्रिय हुन थाले । उनी युवामाझ च्याप ब्याटल गायकका रूपमा बढी परिचित भए । यस विधामा हुने प्रतियोगितामा उनले पटक-पटक जित हात पारेका थिए । काठमाडौं महानगरको मेयर बनेपछि पनि उनले आफ्नो सांगीतिक यात्रालाई सँगसँगै अघि बढाइरहे । प्रधानमन्त्री बन्नुभन्दा ठिक एक दिनअघि बिहीबार साँझ मात्रै उनले 'जय महाकाली' च्याप सार्वजनिक गरे ।

उनी ०७४ को स्थानीय तहको निर्वाचनमै उम्मेदवार बन्ने सोच बनाएका थिए । साथी सर्कलमा उनले स्वतन्त्र उठ्ने गरी तयारीसमेत गरेका थिए । तर, तत्कालीन समयमा विवेकशील पार्टी स्वतन्त्रको रूपमा आएपछि उनले आफ्नो स्वतन्त्र उम्मेदवार त्यतिवेला दिएनन् । ०७९ को चुनावमा लौरो चुनाव लिएर काठमाडौं महानगरको मेयरमा उठेका उनले सहजै चुनाव जित्लान् भनेर धेरैले अनुमानसमेत गरेका थिएनन् । मेयर निर्वाचित भएलगत्तै १३ जेठ ०७९ मा बालेनले भनेका थिए, 'निर्वाचनको जुन परिणाम आएको छ, त्यो विजयभन्दा पनि हाम्रो एउटा कार्यको सुरुवात हो । अबको पाँच वर्षमा हाम्रो भिजन, एजेन्डालाई पूर्ण रूपमा लागू गर्नेछौं, महानगरवासीलाई परिवारका रूपमा लिएका छौं ।'

उनी ०७९ मा ६१ हजार ७६७ मतसहित निर्वाचित भएका थिए । त्यतिवेला उनका प्रतिद्वन्द्वी गठबन्धनबाट उम्मेदवारी दिएकी कांग्रेसकी सिर्जना सिंहले ३८ हजार ३४१ र एमालेका केशव स्थापितले ३८ हजार ११७ मत पाएका थिए । मेयर बनेपछि काठमाडौं महानगरपालिकामा सुशासन र सेवाप्रवाहमा सुधार गरेका उनले मूलतः महानगरको शिक्षालाई कायापलट गरे । महानगरका ८३ वटा सामुदायिक विद्यालयमा स्मार्ट र व्यावहारिक शिक्षामा सुधार ल्याएका थिए । विगतमा हुने छात्रवृत्तिको दुरुपयोग रोकेर व्यवस्थित बनाए । भदौ २३-२४को जेन-जी आन्दोलनपछि साढे तीन वर्ष महानगर चलाएका उनी त्यहाँबाट राजीनामा दिएर संघीय सरकार हाँक्ने इच्छासहित चुनावमा होमिएका थिए । चुनावमा उत्रिएपछि उनको दल रास्वपाले उभार नतिजा ल्यायो । सोही नतिजाको परिणामस्वरूप झन्डै दुईतिहाइको सरकारमा उनी शुक्रबार शक्तिशाली प्रधानमन्त्री बनेर देशको नेतृत्व सम्हाले ।

■ स्कुल पढ्दा नै फरक थिए बालेन

स्कुल पढ्दा उनी पढाइमा औसत किसिमका विद्यार्थी थिए । स्कुल पढ्दा बढी उपद्रव स्वभावका उनी पटक-पटक स्कुलको कारबाहीमा समेत परेका थिए । बुबाको जागिर र आफ्नै स्वभावले पनि उनले पटक-पटक स्कुल परिवर्तन गरिरहे । हरेक कुरामा प्रश्न गर्ने र विरोध गर्ने स्वभावका कारण उनलाई पढाउँदा शिक्षक नै दिक्क हुन्थे । तर, आफ्नो प्रश्न गर्ने र फरक मत राख्नेमा बालेन कहिल्यै पछि हटेनन् । काठमाडौंमै जन्मे-हुर्केकाले पनि उनी यहाँका गल्लीगल्ली र यहाँका जात्रापर्वहरूसँग परिचित थिए । उनका थुप्रै नेवार साथीहरू थिए र छन् । जसबाट उनले नेवारी संस्कृति र जात्रा पनि बुझे । उनको पारिवारिक स्रोतका अनुसार बालेन सानैदेखि अडान लिने, साहसी, जिद्दी र बाठा स्वभावका थिए । हरेक काम गर्न आँट राख्थे ।

■ बालेनका हितैषी

बालेनले आफू राजनीतिमा आउनुपूर्व आफ्ना राजनीतिक गुरु नरसिंह व्यञ्जनकारलाई माने । उनी ललितपुर महानगरपालिका- १० मा १० पटक वडाध्यक्ष भएका थिए । स्वतन्त्र उम्मेदवारबाट जितेर १० पटकसम्म वडा चलाएका नरसिंह व्यञ्जनकारबाट बालेन प्रभावित थिए । हाल नरसिंहको निधन भइसकेको छ । तथापि, बालेन अहिले उनै स्व. नरसिंहका छोरा कुमार व्यञ्जनकार (कुमार बेन)सँग निकै निकट छन् । प्रधानमन्त्री बनेपछि पनि उनले आफ्ना प्रमुख सल्लाहकारका रूपमा उनै कुमारलाई राखेका छन् । बालेनलाई राजनीतिक आइडिया दिनेदेखि उनको राजनीतिक करिअरमा कुमारले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । ललितपुरको जुवागलनिवासी कुमारले बालेनलाई नेवारी कला संस्कृति सिकाउनेदेखि हरेक अप्ट्यारा यात्राहरूमा सहयोग गर्दै आइरहेका छन् । त्यस्तै, बालेन महानगरको मेयरमा आएपछि उनलाई सम्पदाप्रेमी यादवलाल कायस्थले उपत्यकाका सम्पदा चिनाउने र भ्रमण गराउने गरेका थिए ।

■ महानगरदेखि सिंहदरबारसम्मको फड्को

०७९ को चुनावमा महानगरपालिका जितेपछि बालेनले काठमाडौं महानगरपालिकामा सुशासनलाई प्राथमिकता दिए । निर्वाचित भएपछि उनले सामुदायिक विद्यालयमा सुधार ल्याउने, छात्रवृत्तिलाई पारदर्शी बनाउनेमा बढी जोड दिए । महानगरभित्रका निजी विद्यालयमा ३० हजारभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति दिलाए । उनले निजी विद्यालयको नाम नेपालीकरण गर्ने, सामुदायिक विद्यालयका कक्षाकोठा फराकिलो पार्ने, डिजिटल शिक्षामा जोड दिने र सामुदायिक विद्यालयले अनधिकृत रूपमा भाडामा लगाएको सटर खाली गरेर उदाहरणीय काम गरेका थिए ।

शुक्रबार मात्रै प्रधानमन्त्री बनेका उनीसँग यसअघिको सरकारका प्रधानमन्त्रीसँग पटक-पटक टसल परेको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीसँग उनको जुहारी नै चल्यो । राजधानीको मेयर उनी सिंहदरबारसँग नभुक्की काम गरे । बरु काठमाडौं महानगरपालिकामा सुधारका काम गरेर सिंहदरबारलाई नै सुशासनको चुनौती दिए । तत्कालीन प्रधानमन्त्री ओली र बालेनबिचको विवाद शृंखला लामो समयसम्म चलेको थियो । कहिले फोहोर उठाउने नाममा, कहिले टुकुचा उत्खनन गर्ने नाममा त कहिले सुकुमवासी बस्ती हटाउने नाममा । ओली प्रधानमन्त्री भएपछि बालेनले धरहरामा पार्किङ खुलाए । त्यसपछि ओली झन् बिच्किए । बालेनले ओलीको पालामा बनेको धरहरालाई सेतो टावर र झापा दमकमा ठड्याइएको बिजनेस टावरलाई फेसबुकबाटै 'अग्लो घर'को संज्ञा दिएका थिए । बालेन मेयर भएपछि उनले चक्रपथको अस्तव्यस्तता अवलोकन गर्न पुगे । सरकारले चक्रपथ निर्माणमा ढिलासुस्ती गरेर जनतालाई सास्ती दिएको भन्दै तत्कालीन भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलाई दैनिक एक ट्रक धुलो उपहार पठाउने भन्दै फेसबुकमा लेखे । त्यसलगत्तै सडक विभागअन्तर्गत सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंको गेटमा महानगरले उपहारस्वरूप भन्दै एक ट्रक धुलो फ्याँक्यो । उक्त भिडियो बालेनले सार्वजनिक गरेपछि ओली निकै रिसाए । बालेनले न्युरोडमा सडकपेटी विस्तार अघि बढाए । त्यहाँ एमालेनिकट वडाध्यक्ष चिनीकाजी महर्जनले अवरोध गरे । सडक विभाग र महानगरबिच विवाद मच्चियो । बालेनले ओलीको गिरीबन्धु टी-स्टेट मुद्दामाथि फेसबुकबाटै कटाक्ष गरे । उनले भनेका थिए, 'यही १० हजार करोडको काण्ड लुकाउन र जनतालाई भुलाउन राज्यको सम्पूर्ण शक्ति लगाएर न्युरोडमा हामीले बनाउन लागेको फुटपाथ फेरि सडक बनाउन थाल्नुभएछ ।' प्रधानमन्त्रीले नै मेयर शाहलाई विरोध गरेपछि ओलीविरुद्ध सामाजिक सञ्जालमा अनफलो अभियान चल्यो । त्यसको केही समयपछि एमालेनिकट लुम्बिनी प्रदेश सांसद रेखा शर्माले बालश्रमिक राखेको र यातना दिएको मुद्दामा महानगरले अध्ययन गर्दै कारबाहीका लागि सिफारिस गऱ्यो । तर, ओलीले सांसद शर्मालाई जोगाए । त्यसपछि ०८१ भदौदेखि प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर ओली र बालेनबिच निकै लामो विवाद चल्यो । बालेनले नरुचाएका कार्यकारीलाई ओलीले सरुवा गरेनन् । बरु प्रहरीको सुरक्षामा कार्यालय पठाएपछि विवाद उत्कर्षमा पुगेको थियो । अब भने देश चलाउने साँचो बालेनको हातमा पुगेको छ ।

जेन-जी आन्दोलनका सहिद परिवार, घाइते र उनका परिवार मात्रै होइन, सिंगो नेपालले बालेनबाट ठुलो आशा राखेका छन् । सुशासन, भष्ट्राचार नियन्त्रणसहित बालेनबाट आममानिसले नेपाल हाँसेको हेर्न चाहेका छन् ।

टुङ्नाको धुन र डम्फुको तालसँग ४ दशक



धावा वाङ्गेल मोक्तान, कलाकार

रैथाने



● शान्ति तामाङ

काठमाडौंस्थित बौद्ध, पीपलबोटनजिकै टिनले बेरेको टिनैले छाएको टुङ्ना, डम्फु बनाउने एउटा कारखाना छ । मुख्य सडकबाट एक मिटर दक्षिणतिर हिँड्दा कारखानाको गेटैमा पुगिन्छ । थोरै खुला ठाउँ हुँदै कारखानातिर पाइला चाल्दा एकजना वयस्क कि डम्फु कस्दै गरेको भेटिन्छन्, कि टुंगनामा तार मिलाउँदै गरेको देखिन्छन् । छेउछाउमा असरल्ल टुङ्ना र डम्फु बनाउने सामान देखिन्छन् । डम्फुमाथि नाच्ने काठको चराछेउमा चुपचाप बसिरहेको पनि देख्न सकिन्छ । दुई दशकदेखि डम्फु र टुंङ्ना बनाइरहेका उनी हुन् दोलखाका कलाकार धावा वाङ्गेल मोक्तान ।

तामाङ समुदायको महत्त्वपूर्ण बाजा हो, टुङ्ना र डम्फु । तारवाद्य बाजा टुङ्नाको माथिल्लो भागमा गरुडको आकृति हुन्छ । तलतिर छालाले ढाकिएको गोलो भाग हुन्छ । यो सृष्टिको उत्पत्तिसँगै यो बाजाको पनि उत्पत्ति भएको भनाइ छ । टुङ्नाका बारेमा तामाङ समुदायभित्र विभिन्न खालका मिथ छन् । सृष्टिको उत्पत्तिसँगै यो बाजाको पनि उत्पत्ति भएको भनाइ छ । त्यसले यो बाजा हजारौं वर्षअघि नै निर्माण भएको भन्न सकिने कलाकार मोक्तान बताउँछन् । उनी तामाङ जातिको महत्त्वपूर्ण सामाजिक नायक ताम्बा पनि हुन् । ताम्बा तामाङ इतिहासकार हुन् । उनको पुस्तक 'तम्बाला कइरन-२०७५' प्रकाशित छ । उनका अनुसार टुङ्ना बाजा देवीदेवतासँग सम्बन्धित छ । यो देवीको बाजा हो ।

> कलाकार धावा वाङ्गेलले टुङ्ना र डम्फु बजाउन, बनाउन थालेको चार दशक बितिसकेको छ । उनको गुजारा यसैबाट चलेको छ । उनले रैथाने कला पनि जोगाउँदै आएका छन् ।

त्यसैगरी, यो बाजाबारे अर्को पनि मिथ छ । 'तामाङहरूको सृष्टि भएपछि जीविकोपार्जनका लागि कोही लेकतिर भेडाबाख्रा पालेर बस्न थाले । ती गोठालाले एक्लोपनलाई भुलाउन टुङ्नाको सिर्जना गरेको भन्ने पनि प्रचलन छ, 'उनी भन्छन्, 'ती गोठालाहरू जीवनको अन्तिम समयमा थातथलो फर्किंदा आफ्नो आफन्तलाई आफू चिनाउनसमेत टुङ्नाले मद्दत गरेको थियो ।'

१२ महिनामा विभिन्न सिजनअनुसार तामाङहरूले पर्वहरू मनाउँछन् । ती महिनामा धर्म के हो ? संस्कृति के हो ? यो धर्मले के भन्छ ? हिजोको जीवन के थियो ? भोलि के हुन्छ भन्ने कुरा टुङ्ना बजाएर गीतबाट सुनाउने प्रचलन भएको मोक्तानको भनाइ छ । टुङ्ना चाँप, कपुर, सिसौको काठबाट निर्माण गरिन्छ । यसमा प्रयोग हुने बुट्टा भने तामाङको जीवन पद्धतिसँग मेल खाने आकृति राखेर बनाइने उनको भनाइ छ ।

डम्फु ताल वाद्ययन्त्र हो । तामाङ समुदायको पहिचानसँग जोडिएको यो बाजा कोइराला वा धुपीको काठबाट बनाइन्छ । गोलो काठको फ्रेममा एकातिर मात्रै छाला तानिएको हुन्छ । डम्फुमा ३२ वटा बाँसको किला गाडिएको हुन्छ । डम्फुको गोलाकार भागलाई घाम र जुनको प्रतिबिम्ब मानिन्छ । ३२ किलाको अर्थ ३२ देवी देवताको प्रतीकका रूपमा पनि मानिन्छ । तामाङ समुदायको बिहे, छेवर, शुभकार्यमा यो बाजा ताम्बाले बजाउँछन् ।

धावावाङ्गेलका म्हेमे (हजुरबुबा) पनि कलाकार नै थिए । हजुरबुबा बुद्धको मूर्ति बनाउन, डम्फु बनाउन, टुङ्ना बनाउन ल्हासा गएको धावा सम्झिन्छन् । त्यसपछि भुटान गए । हजुरबुबाबाट त्यो कला उनको बुबाले सिके । धावा वाङ्गेलको बाल्यकाल टुङ्नाको धुन सुनेर सुरु भयो । त्यसैले होला त्यो धुनले उनलाई मोहित बनायो । उनले बुबाबाट डम्फु र टुङ्ना बजाउने कला सिके, त्यसपछि बनाउन पनि सिके । पाँच कक्षा पढ्दा नै पहिलोपटक टुङ्ना बनाएको उनी सुनाउँछन् । उनी भन्छन्, 'बनाउन सिकेपछि स्कुलमा हुने प्रतियोगितामा टुङ्ना बजाएँ ।'

त्यसपछि धावा वाङ्गेलको ध्यान पढाइभन्दा टुङ्ना, डम्फु बजाउनेतिर गयो । पढाइलाई असर नपरोस् भनेर उनका काकाले 'राम्रो पढ्नू, टुङ्ना बनाएर दिन्छु,' भनेका थिए, तर दिएनन् । त्यसैले, टुङ्ना बनाउने र बजाउने दुवै काम उनले गर्न थाले । उनले सुरुमै बनाएको टुङ्ना तीन वर्ष बजाए । टुङ्ना लिएर उनी जिरीको प्राविधिक विद्यालयमा पढ्न गए । त्यहीं पढ्ने क्रममा उनको त्यो टुङ्ना ट्रेकिङका लागि आएका एकजना जापानीले १५ सयमा किनेर लगे ।

केही समय त्यहाँ पढेपछि उनी काठमाडौं आएर पढ्दै काम गर्न थाले । मिहिनेतअनुसारको आम्दानी पनि हुन थाल्यो । उनले २०४७ वैशाखमा रेडियो नेपालमा मातृभाषामा गीत गाउन पाइन्छ भन्ने सुने । त्यो अवसर भाषाभाषी सम्मेलनले जुराएको थियो । रेडियो नेपालको कार्यक्रममा उनले टुङ्ना बजाउँदै गीत गाउने अवसर पाए । आइसिंह लामाले बाँसुरी र रामबहादुर जिम्बाले हार्मोनियम बजाएर उनलाई साथ दिएका थिए । त्यही वेला रेडियो नेपालमा भेटिएका लोकगायक प्रेमराजा महतले उनीसँग टुङ्ना मागे । तर, उनले विभिन्न बहाना बनाएर टुङ्ना दिएनन् ।

रेडियो नेपालको त्यो भाषाभाषी सम्मेलन सकिएपछि लोकगीत परीक्षणको अर्को सुचना आयो । त्यो वेला पनि उनी त्यही टुङ्ना लिएर गए । त्यसपटक केही पैसा दिएर महतले टुङ्ना लिएर गए । त्यो टुङ्ना महतले पछि लोकबाजा संग्रहालयलाई दिएछन् । त्यो टुङ्नालाई थकालीको बाजा नाम दिएर राखेको उनले देखे । 'आफूले बनाएको, बजाएको टुङ्ना चिनिहालिन्छ । त्यहाँ सोध्दा प्रेमराजा सरले दिनुभएको भन्नुभयो । यो तामाङको टुङ्ना हो । थकालीको होइन भनें,' उनी भन्छन् ।

धावा वाङ्गेलले टुङ्ना र डम्फु बजाउन, बनाउन थालेको चार दशक बितिसकेको छ । अहिलेसम्म उनको गुजारा टुङ्ना र डम्फु बनाएरै चलेको छ । उनले एउटा टुङ्नाको मूल्य ७० हजारसम्म लिएका छन् । उनले हालसम्म करिब सात सय टुङ्ना बनाइसकेका छन् । करिब २५ सय डम्फु निर्माण गरिसकेका उनले एउटा डम्फुको दुई हजारदेखि ५५ सयसम्म लिन्छन् । हाल उनको कारखानामा दुईजनाले रोजगारीसमेत पाएका छन् । तैपनि, मागअनुसारको टुङ्ना र डम्फु निर्माण गर्न सकेका छैनन् ।

'टुङ्ना, डम्फु मागअनुसार बनाउन सकिरहेको छैन । बनाउने सामान जुटाउन मुस्किल छ । काठ खोज्दै कहिले काभ्रे, मकवानपुर, रामेछापतिर जानुपर्छ । काठ ल्याउँदा वन कार्यालयसँग प्रक्रिया पूरा गर्नुपर्छ ।'

उनका अनुसार नयाँ पुस्तासमेत यो परम्परागत पेसामा आकर्षित भइरहेका छन् । टुङ्ना बजाउने तालिमसमेत प्रदान गरिरहेका उनले यसलाई नै मध्यनजर गरेर टुङ्ना बनाउने तालिमसमेत दिने भएका छन् । उनी भन्छन्, 'बनाउन सिकाइदिनुपऱ्यो भनेर पनि धेरैजना आउँछन् । त्यसैले, आउने वैशाखदेखि बनाउने तालिम दिने सोचमा छु ।'


जिन्दगीको आरोह र अवरोह

कविता




● आकृति कान्ति भट्टचन

मेरा मनका वाक्यांशहरू पत्ता लगाउन सक्दिनँ म
लाग्छ चिन्तनको रक्षक हो म
सामना गर्नु छ सकारात्मक र नकारात्मक चिन्तनको
यो संसार मेरो होइन जस्तै लाग्छ
तर थाहा छ कोही छ आफूलाई बुझ्ने
भरिएको छ यो संसार अहंकारले
सजिलैसँग आउँदैन महानता
भोग्नु छ बाटोमा आएका जिन्दगीका परिस्थितिहरू
साबित गर्नु छ आउने दिनहरूमा
भरिएका छन् जिन्दगीको बाटोमा काँडैकाँडाहरू
छन् अस्तव्यस्त क्षणहरू
ल्याउँदछ यो संसारले थकान र चिन्ता
गर्नु छ संघर्ष जिन्दगीको मोडहरूमा
अघि बढ्नु छ निर्भिक भएर
व्यहोर्नु छ जिन्दगीमा परिणामहरू
ऐनाजस्तै हो जिन्दगी
गराउँछ पुराना पलहरू प्रतिबिम्बित
झन् स्पष्ट देखिन्छ पछाडि फर्केर हेर्दा
छन् बहुमूल्य जिन्दगीका हरेक पलहरू
आत्मसात् गर्नु छ जिन्दगीको यात्रालाई
गर्नु छ यात्रा टाढासम्म
उतारचढाव छन् जिन्दगीको यात्रामा
गर्नेछु साहस जिन्दगीका पाइला-पाइलामा
जिन्दगीका सबै चुनौतीबाट माथि उठ्छु म
उतारचढावबाट उच्च हुन्छु म
अघि बढ्नु छ हिम्मत नहारीकन
हुनुपर्छ साहस
राख्नुपर्छ आशा
दिनेछ अज्ञात शक्तिले आशाको किरण
निर्भिक भएर अघि बढ्नु छ
जिन्दगीका हरेक पाइलामा
जिन्दगीको उत्तर खोजिरहन्छु म
पुग्नु छ जिन्दगीको गन्तव्यमा ।



एजेन्सी

झ्याप्पै !



रवि मिश्र
@rabimishra



नेपथ्यका संगीत शिल्पी

साउन्ड इन्जिनियर श्यामश्वेत रसाइली प्रायः स्टुडियोमा संगीत र स्वरको सन्तुलन मिलाइरहेका भेटिन्छन्

नेपथ्यबाट



● पवन बराइली



● **श्यामश्वेत रसाइली**, साउन्ड इन्जिनियर

गीत सुन्दा श्रोताले स्वर चिन्छन्, शब्द सम्झिन्छन्, गाउने अनुहार पहिचान गर्छन् । तर, ती गीतलाई सुन्नलायक बनाउने नेपथ्यको कलाकारलाई भने मानिसले सायदै ख्याल राख्छन् । त्यही नेपथ्यका एक निपूण संगीतका शिल्पी हुन्, श्यामश्वेत रसाइली ।

दुई दशकभन्दा बढी समयदेखि नेपाली सांगीतिक संसारमा अनुभवी साउन्ड इन्जिनियरको रूपमा चिनिन्छन् रसाइली । जब गीतले अन्तिम रूप लिँदै स्टुडियोको कोठामा प्रवेश गर्छ, तब उनको काम सुरु हुन्छ । उनी कहिले हेडफोन लगाएर ध्वनिका तरंगसँग मिलाइरहेका भेटिन्छन्, कहिले स्वरको सन्तुलन मिलाइरहेका भेटिन्छन् ।

प्रिज्मा रेकर्डिङ स्टुडियो हो, उनको काम गर्ने अड्डा । स्टुडियोमा रेकर्डिङ भएका सम्पूर्ण गीतको प्राविधिक पाटो उनैले हेर्छन् । उनले पुराना पुस्तादेखि नयाँ पुस्तासम्मका थुप्रै कलाकारका स्वर रेकर्ड, मिक्सिङ र मास्टरिङ गरिसकेका छन् । नेपाली संगीतका प्रायः चर्चित स्वर उनकै स्टुडियोमा रेकर्ड भएका हुन्छन् ।

उनले ओस्कार कलेजमा अडियोग्राफीमा ब्याचलर्स गरेका छन् । लोकसंगीतका चर्चित स्वरहरू राजु परियार, प्रकाश सपुत, खेम सेन्चुरीलगायत थुप्रै कलाकारसँग उनले सहकार्य गरिसकेका छन् ।

गाउँको मादलबाट सुरु भएको उनको सांगीतिक यात्रा आज नेपाली लोकसंगीतको स्थापित प्राविधिक हस्ताक्षरका रूपमा उभिएको छ । बाग्लुङमा जन्मिएका उनी गाउँकै परिवेशमा हुर्किए । बाल्यकालदेखि नै गीत-संगीतको माहोलमा थिए । घरमा आमा, दाजु र दिदी गीत गाउँथे । तिहारमा दाजुहरूले देउसी खेल्न हिँड्दा मादल बजाउने जिम्मा उनलाई सुम्पिन्थे । गाउँका कार्यक्रममा उनी मादलका विभिन्न ताल निकाल्न पोख्त मानिन्थे, त्यसैले कार्यक्रममा उनको खोजी हुन्थ्यो ।

संगीतको यही परिवेशले उनलाई निरन्तर तानिरह्यो । उनका माइला दाजु बिबी अनुरागी पोखरामा स्थापित संगीतकर्मी हुन् । दाइको प्रभावले पनि उनी संगीततर्फ आकर्षित भए । एसएलसीपछि उनी पोखरा झरे । पिएन क्याम्पसमा भर्ना भए ।

२०६० सालतिर दाइ पोखराबाट काठमाडौं आए । उनी पनि सँगै राजधानी छिरे । दाइकै प्रेरणामा संगीतकार बन्ने लक्ष्य बोकेर उनले यात्रा सुरु गरे । अनुरागी नारायण रायमाझीसँग आबद्ध 'रिमा रेकर्डिङ स्टुडियो'मा संगीत संयोजकका रूपमा कार्यरत थिए । उनी स्टुडियोमा प्राविधिक सहयोगीका रूपमा जोडिए । पछि स्टुडियोको जिम्मेवारी नै सम्हाल्न थाले । २०६१ सालदेखि उनले रिमा रेकर्डिङका सम्पूर्ण प्राविधिक काम सम्हाल्दै संगीत मिक्सिङ र मास्टरिङमा दक्षता हासिल गरे ।

नारायण रायमाझीको चर्चित गीत 'राम्दी पुल तर्नेबित्तिकै, बाँचे भेट मरे त यत्तिकै...' को मिक्सिङ र मास्टरिङपछि उनको कामले व्यापक चर्चा पायो । त्यसयता उनले पछाडि फर्केर हेर्नुपरेन । नारायण रायमाझीका अधिकांश गीतमा मिक्सिङ गर्दै उनले आफूलाई स्थापित गरे ।

स्टुडियो नै संसार

एक समय उनको दिनचर्या बिहानदेखि बेलुकासम्म स्टुडियोमै बित्थ्यो । ध्वनि परीक्षण, भोकल ट्र्याक सन्तुलन, वाद्यवादन मिलान, इफेक्टको प्रयोग, यही क्रम दोहोरिन्थ्यो । बाहिर घाम झुल्केको वा पानी परेको, उनलाई थाहा नहुने दिन पनि थुप्रै छन् ।

'कहिलेकाहीं त हाम्रो स्टुडियो संगीत 'फ्याक्ट्री'जस्तै चल्थ्यो' उनी सम्झन्छन्, 'यहाँबाट रेकर्ड भएका दर्जनौं कलाकार आज चर्चित छन् । अहिले पनि दैनिक दुईवटासम्म गीत मिक्सिङ गर्छु । महिनामा करिब ३०-४० गीत बजारमा आउँछन् ।'

उनको बुझाइमा मिक्सिङ भनेको कच्चा सामग्रीलाई बजारयोग्य बनाउने प्रक्रिया हो । 'आफ्नो काममा सानो गल्ती पनि छुट्नुहुँदैन । गीत श्रोताको हो, त्यसलाई राम्रो बनाउने जिम्मा हाम्रो,' उनी भन्छन् ।

उनको स्टुडियो केबल रेकर्डिङ गर्ने कोठा होइन, संगीतकार, गायक, गीतकार र प्राविधिकबिचको सिर्जनाको संगमस्थल पनि हो । नयाँ गायक डराउँदै आउँछन् । तर, रसाइलीको संयमित व्यवहारले उनीहरूलाई सहज बनाइदिन्छ ।

उनको अनुभवमा गीतको जग शब्द हो । शब्द बलियो भए गीतको आधार बलियो हुन्छ । त्यसपछि कम्पोजरले मेलोडी दिन्छ, संयोजकले वाद्य संरचना तयार पार्छ, अनि मिक्सिङले अन्तिम रूप दिन्छ ।

'एउटा गीत उत्कृष्ट बन्न ६-७ जनाको उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै एक पक्ष कमजोर भयो भने गीत पनि कमजोर हुन्छ । शब्द बलियो भए पनि गायन, संयोजन र साउन्ड मिक्सिङ नमिले गीत प्रभावहीन हुन सक्छ,' उनी भन्छन्, 'स्वर र संगीतको सन्तुलन मिलेपछि मात्रै गीत सुन्नलायक बन्छ ।'

फिल्मका गीतमा पनि उनले मिक्सिङ र मास्टरिङ गरेका छन् । 'जाउँला रेलैमा...' गीतसहित 'गोर्खा पल्टन' फिल्मको साउन्ड मिक्सिङ गरे । साथै 'परदेशी' र 'परदेशी २' का गीतहरूको संगीत मिक्सिङ उनले नै गरे ।

'कुटुमा कुटु', 'पहिलो नम्बरमा', 'रुपै मोहनी', 'सुर्के थैली', 'पूर्व पश्चिम रेल', 'पर्ख पर्ख मायालु'लगायतका चर्चित गीत उनले मिक्सिङ गरेका हुन् । उनको पछिल्लो गीत 'कस्मिरे पछ्यौरी दार्जीलिङ रेल...' निकै हिट बन्यो । गीतमा उनले संगीत संयोजन, बाजाको डिजाइन, मिक्सिङ र मास्टरिङसम्मको सम्पूर्ण जिम्मेवारी सम्हाले ।

युट्युबमा करोड क्लबमा उक्लिएका 'गोर्खे खुकुरी' 'अरेली काँडैले', 'म त ढलें ढलें'लगायत चर्चित गीतको मिक्सिङ र मास्टरिङ पनि उनैले गरेका हुन् । 'गीत चलेको देख्दा सन्तुष्टि मिल्छ,' उनी मुस्कुराउँदै भन्छन् ।

करिब २० हजारभन्दा बढी लोकगीत, आधुनिक गीत र चलचित्रका गीत सम्पादन गरिसकेका रसाइलीको अनुभव आफैंमा एउटा जीवित इतिहासजस्तै छ । तीमध्ये दर्जनौं गीतमा उनले संगीत संयोजनसमेत गरेका छन् । तर, उनले कहिल्यै आफूलाई अग्रपंक्तिमा राखेनन् । नेपथ्यमा बसेर काम गर्न उनी सधैं सहज महसुस गर्छन् ।

'म आफूलाई मिक्सिङ आर्टिस्टका रूपमा चिनाउँछु । गीत सम्पादन, म्युजिक ऐरेन्जमेन्ट र संगीत संयोजन मेरो क्षेत्र हो । गीत गाएर स्टार बन्छु भन्ने सोच कहिल्यै राखिनँ,' उनी भन्छन्, 'संगीत क्षेत्रमा आउने सबैको उद्देश्य एउटै हुँदैन । कोही सेलेब्रिटी बन्न चाहन्छन्, कोही आत्मसन्तुष्टिका लागि गाउने गर्छन् । मलाई बजारमा हिट हुनुभन्दा राम्रो संगीत सिर्जना गर्न मन लाग्छ ।'

श्रोताले कसले स्वर दियो र कसले लेख्यो भन्नेतिर मात्रै चासो दिन्छ । एउटा गीत तयार हुन पर्दा पछाडि निकै मिहिनेत गर्नुपर्छ । त्यो कुरा श्रोतालाई थाहा हुँदैन । गीत कविताको रूपमा तयार हुन्छ । जुन छन्दमा मिलाएर लेखिन्छ । त्यसपछि संगीत कम्पोज हुन्छ । शब्दलाई भाकामा तयार गरिन्छ । सुर र तालमा बाँधेर राखिन्छ । त्यसपछि संगीत संयोजकको काम आउँछ । संयोजकले कस्तो किसिमको बाजाको संयोजन गर्ने भन्ने तय गर्छ । संगीत संयोजकले डिजाइन गरेको बाजालाई रिप्लेस गरिन्छ । त्यसमा स्टुडियोमा ओर्जिनल बाजाहरू राखिन्छन् । त्यसपछि म्युजिक ट्र्याक तयार हुन्छ । गीत रेकर्ड गरिन्छ । म्युजिक मिक्सिङ इन्जिनियरको काम हुन्छ । उनको काम मिक्सिङ इन्जिनियर गर्ने हो ।

उनका लागि संगीत केवल धुन र स्वरको संयोजन होइन, ध्वनिको शुद्धता र संवेदनाको सन्तुलन हो । गीत तयार भएपछि अन्तिम रूपमा पुनुअधि मिक्सिङ र मास्टरिङको सूक्ष्म प्रक्रियाबाट गुज्रनुपर्छ । त्यही प्रक्रियामा उनी आफ्ना घण्टौं समय खर्च गर्छन् ।

प्रविधिसँगै बदलिएको यात्रा

दर्जनौं गीतका संगीत सम्पादन गर्नु सामान्य उपलब्धि होइन । यो केवल परिश्रमको प्रमाण मात्र होइन, नेपाली संगीत उद्योगको परिवर्तनशील यात्राको साक्षी बस्नु पनि हो । क्यासेटको युगदेखि डिजिटल स्ट्रिमिङसम्मको संक्रमण उनले नजिकबाट देखेका छन् ।

'हिजो एनालग उपकरणमा काम गर्नुपर्थ्यो । सानो त्रुटि सच्याउन पूरै प्रक्रिया दोहोऱ्याउनुपर्थ्यो । अटो-ट्युनजस्ता सुविधा थिएनन् । त्यसवेला रहरले मात्र पुग्दैनथ्यो, साधना अनिवार्य थियो,' उनी भन्छन् । डिजिटल प्रविधिले भोकल ट्युनिङ, टाइमिङ करेक्सन र ऐरेन्जमेन्ट सहज बनायो । तर, उनी भन्छन्, 'प्रविधि सहयोगी मात्रै हो ।'

दुई दशकमा संगीत उद्योगमा ठुलो परिवर्तन आएको छ । पहिले रेकर्डिङ प्रक्रिया सामूहिक थियो । अभ्यासपछि टिमसँग बसेर गीत फाइनल हुन्थ्यो । अहिले धेरैले आफ्नो भाग रेकर्ड गरेर निस्केन चलन बढेको छ । 'अहिले छिटो हिट बन्ने होडबाजी छ । कसरी राम्रो संगीत बनाउने भन्दा पनि कसरी भाइरल हुने भन्ने चिन्ता बढी देखिन्छ,' उनी भन्छन्, 'गीत कविता हो । यसमा कथा हुन्छ । प्रविधिले प्रक्रिया सजिलो बनायो, तर धैर्यता घटायो ।'

उनको विश्वास छ, लामो समयसँग टिक्ने संगीत साँचो भावनाबाट जन्मिन्छ । आज धेरै कलाकार सामाजिक सञ्जालमा सक्रिय छन् । प्रचार-प्रसारले बजार बनाउँछन् । तर, उनी आफ्नो प्रचारभन्दा काममा विश्वास गर्छन् । उनलाई चम्किलो प्रकाश मन पर्दैन । स्टुडियोको सानो कोठामा ध्वनिको सूक्ष्म आवाज सुन्दा नै उनलाई सन्तोष लाग्छ ।


यदि मिक्सिङ कमजोर भयो भने उत्कृष्ट स्वर पनि ओझेल पर्न सक्छ । यदि मास्टरिङ सही भएन भने गीत प्रतिस्पर्धामा टिक्न सक्दैन । यही संवेदनशील जिम्मेवारी रसाइलीले वर्षौंदेखि सम्हाल्दै आएका छन् । दुई दशकपछि पनि उनको जाँगर कम भएको छैन । नयाँ प्रविधि सिक्ने, नयाँ कलाकारसँग सहकार्य गर्ने र नेपाली संगीतलाई अझ परिष्कृत बनाउने चाहना उस्तै छ । 'हामीले राम्रो ध्वनि दिन सके, नेपाली संगीत विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्छ,' उनी भन्छन् ।

गुणस्तरीय उत्पादन नै उद्योगको दीर्घकालीन आधार रहेको उनको विश्वास हो । त्यसका लागि प्राविधिक पक्ष सुदृढ हुनैपर्छ । धेरै युवा साउन्ड इन्जिनियर बन्न चाहन्छन् । रसाइली उनीहरूलाई एउटै सल्लाह दिन्छन्, 'संगीतमा साधना चाहिन्छ । साथै ध्वनि सुन्न सिक्नुपर्छ । केवल उपकरण चलाउन जान्नु पर्याप्त हुँदैन ।'

स्वास्थ्य



● डा. लौरा बोबर्ट



स्लिप डिभोर्स
जोडीहरू छुट्टाछुट्टै सुत्दा स्वास्थ्यमा सुधार ल्याउँछ ?

छुट्टाछुट्टै सुत्नुलाई कहिलेकाहीं सम्बन्धमा समस्याको संकेतको रूपमा हेरिन्छ, तर यसलाई समस्याको रूपमा हेर्न आवश्यक छैन । यदि पार्टनरको व्यवहारले निरन्तर निद्रामा बाधा पुऱ्याइरहेको छ भने छुट्टै सुत्दा स्वास्थ्यमा बेफाइदाभन्दा फाइदा बढी हुन सक्छ ।

अमेरिकामा अनुमान गरिएको छ कि ८२ प्रतिशत जोडीले एउटै बेड सेयर गर्छन् । आफ्नो पार्टनरसँग बेड सेयर गर्नु प्रायः रोमान्टिक सम्बन्धको एक आवश्यक अंशको रूपमा हेरिन्छ । तर, के तपाईंले कहिल्यै सोच्नुभएको छ, अलग सुत्नु वास्तवमा तपाईंको स्वास्थ्यका लागि राम्रो हुन सक्छ ? राम्रो गुणस्तरको निद्रा शारीरिक र मानसिक स्वास्थ्य दुवैका लागि आवश्यक छ । धेरैजसो वयस्कले २४ घण्टाको अवधिमा ६ देखि नौ घण्टा सुतेर बिताउने भएकाले हाम्रो सुत्ने व्यवस्थाले स्वास्थ्यमा ठुलो प्रभाव पार्न सक्छ ।

समयसँगै र विभिन्न संस्कृतिमा सुत्ने व्यवस्था पनि विकसित भएको छ । २०औं शताब्दीको सुरुवातसम्म पार्टनर, बालबालिकाहरू, विस्तारित परिवारका सदस्यहरू वा घरपालुवा जनावर सँगसँगै सुत्नु सामान्य थियो । यद्यपि, कीटाणुको खोज र सरसफाइबारे बढ्दो चिन्ताले रोग सर्ने डर निम्त्यायो । नजिकै सुत्नुलाई सम्भावित स्वास्थ्य जोखिमको रूपमा हेर्न थालियो र जोडीहरूका लागि छुट्टाछुट्टै ओछ्यान वा छुट्टै कोठामा सुत्ने नयाँ प्रवृत्ति देखा पऱ्यो । हालसालै सेलिब्रेटीहरूले आफ्ना पार्टनरसँग 'निद्रा सम्बन्धविच्छेद' घोषणा गर्ने क्रम बढेको हामीले देखेका छौं । तर, के यो उचित छ त ?

सँगै सुत्दा धेरै फाइदा हुने देखिन्छ । यसले जोडीभित्रको निकटता र लगावलाई बलियो बनाउन सक्छ र आत्मीयतालाई समर्थन गर्न सक्छ । अनुसन्धानले सुझाव दिन्छ कि यसको शारीरिक प्रभाव पनि हुन सक्छ । निद्राको समयमा जोडीहरूको श्वासप्रश्वास र मुटुको धड्कन एकरूप हुन सक्छ, जसले सुरक्षा र सुरक्षाको भावनामा योगदान पुऱ्याउन सक्छ । सँगै सुत्दा जोडीबिच तनाव कम हुने र अक्सिटोसिन हार्मोनको उत्पादन बढाउन पनि सहयोग गर्न सक्छ । अक्सिटोसिनलाई कतिपयले 'प्रेम हार्मोन'समेत भन्ने गरेका छन् । जोडीहरूले प्रायः भन्ने गरेका छन् कि उनीहरू अलग सुत्दाभन्दा सँगै राम्रोसँग निदाउँछन्, यद्यपि कतिपयका सवालमा यो लागू नहुन सक्छ । यो केवल आत्म-रिपोर्टहरूमार्फत मात्र होइन, बरु प्रयोगशाला निद्रा अध्ययन र रातको समयमा चाल मापन गर्ने निद्रा ट्र्याकरसहित विशेषज्ञ निद्रा-निगरानी विधि प्रयोग गरेर अनुसन्धानमार्फत जाँच गरिएको छ ।

यदि तपाईंको पार्टनरले तपाईंको निद्रालाई सुधार गर्नुको सट्टा वास्तवमै बाधा पुऱ्याउँछ भने के हुन्छ ? पार्टनरले घुर्ने, धेरैपटक बाथरुम प्रयोग गर्न रातमा उठ्ने, बत्ती बालेर पढ्ने वा ओछ्यानमा टेलिभिजन हेर्ने हुन सक्छ । उनीहरूलाई स्लिप एपनिया (सुत्दा बारम्बार सास रोकिएजस्तो हुने र आवाज आउने) वा रेस्टलेस लेग सिन्ड्रोम (निन्द्रामा खुट्टा चलाउने) जस्ता अवस्था हुन सक्छ । हार्मोनको परिवर्तनले पनि भूमिका खेल्न सक्छ, उदाहरणका लागि रजोनिवृत्तिको समयमा देखिने लक्षण र रातमा पसिना आउने समस्या । गर्भावस्था, शिशुको हेरचाह वा फरक काम तालिकाले पनि निद्रामा बाधा पुऱ्याउन सक्छ । जस्तै- कामका कारण मध्यरातपछि सुत्ने बाध्यताले पनि पार्टनरको निन्द्रामा असर गर्छ ।

जब यी गडबडी वा अवरोध बारम्बार हुन्छन्, तिनीहरूले आधारभूत निद्रा प्रक्रियामा बाधा पुऱ्याउँछन् । तपाईं कति चाँडो निदाउनुहुन्छ (निद्रा सुरु भएको समय), तपाईं रातमा कतिपटक उठ्नुहुन्छ र तपाईं कति समय सुत्नुहुन्छ भन्ने कुराले पार्टनरलाई असर गर्छ । यस्ता अवरोधले सामान्य शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत विभिन्न प्रकारका हानिकारक प्रभाव पार्न सक्छ ।

कम निद्राले शरीरको प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउन सक्छ, जसले गर्दा खोकी र चिसोजस्ता संक्रमणको सम्भावना बढ्छ । यसले पाचन र मेटाबोलिजममा पनि बाधा पुऱ्याउन सक्छ, इन्सुलिन नियमनलाई असर गरेर तौल बढ्ने र मधुमेहजस्ता रोगको जोखिम बढाउन सक्छ । यस्ता परिस्थितिमा अलग सुत्ल बढी फाइदा हुन सक्छ । छुट्टाछुट्टै सुत्ने व्यवस्थाले प्रत्येक व्यक्तिलाई आफ्नो निद्रा वातावरण अनुकूलन गर्न सहयोग गर्छ । यसमा फरक गद्दा वा ओछ्यान छनोट गर्ने, प्रकाशको स्तर समायोजन गर्ने, कोठाको तापक्रम नियन्त्रण गर्ने वा शयनकक्षमा सुगन्ध र हावाको गुणस्तर परिवर्तन गर्ने समावेश हुन सक्छ ।

अलग-अलग सुत्दा पनि राम्रो निद्रा स्वच्छतालाई सहयोग गर्न सक्छ । प्रत्येक पार्टनरले आफ्नो निद्राको ढाँचाअनुसार आफ्नो बानीहरू अनुकूलन गर्न सक्छ, जस्तै फरक समयमा सुत्नु, सुत्नुअघि पढ्नु वा ओछ्यानमा स्क्रिनबाट बच्नु । यो व्यवहारले राम्रो निद्रा र फलस्वरूप समग्र राम्रो स्वास्थ्यलाई बढावा दिन्छ भन्ने बुझ्न सकिन्छ ।

सम्बन्धको गतिशीलताले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । खुसी, सहयोगी सम्बन्धमा रहेका जोडीहरूले समग्रमा राम्रो निद्राको अनुभव गर्छन् । यसको विपरीत दुःखी सम्बन्धमा रहेका मानिसले प्रायः खराब निद्राको गुणस्तर रिपोर्ट गर्छन् । निद्राको कमीले भावनात्मक नियमनलाई बिगार्न सक्छ, चिन्ता बढाउन सक्छ, तनाव-सहनशीलता कम गर्न सक्छ र सहानुभूति कम देखाउन सक्छ । यी प्रभावले नकारात्मक चक्र सिर्जना गर्न सक्छ, जसमा कम निद्राले सम्बन्धमा थप तनाव निम्त्याउँछ ।

छुट्टाछुट्टै ओछ्यानमा सुत्नुलाई कहिलेकाहीं सम्बन्धमा समस्याको संकेतको रूपमा हेरिन्छ, । तर, यसलाई समस्याको रूपमा हेर्न आवश्यक छैन । यदि पार्टनरको व्यवहारले निरन्तर निद्रामा बाधा पुऱ्याइरहेको छ भने छुट्टै सुत्दा स्वास्थ्यमा बेफाइदाभन्दा फाइदा बढी हुन सक्छ । जोडीहरू सँगै राम्रोसँग सुत्छन् वा अलगै सुत्छन् भन्ने कुरा दुवै पार्टनर र उनीहरूको सम्बन्धको गुणस्तरमा निर्भर रहन्छ । केही जोडीका लागि बेड सेयर गर्दा सम्बन्ध र आराम बलियो हुन्छ ।

*(द कन्भर्सेसनमा प्रकाशित डा. लौरा बोबर्टको आलेखलाई **सुभाष शर्माले** भावानुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १४ चैत ०८२

संक्षेप

सुनको मूल्यमा ठुलो अन्तरले घटबढ



काठमाडौं/ यो साता नेपाली बजारमा सुनको भाउमा ठुलो अन्तरले घटबढ भएको छ। साताको पहिलो दिन आइतबार दुई लाख ८२ हजार प्रतितोला निर्धारण भएको सुनको भाउ सोमबार ६ हजार पाँच सय रुपैयाँ घटेर दुई लाख ७५ हजार पाँच सय रुपैयाँ प्रतितोला कायम भएको थियो। मंगलबार पनि मूल्य घट्ने क्रमले निरन्तरता पाएर प्रतितोला १६ सय रुपैयाँ घटेर दुई लाख ७३ हजार नौ सय रुपैयाँ कायम भएको थियो।

दुई दिन मूल्य घटे पनि बुधबार भने ह्वात्तै १४ हजार नौ सय रुपैयाँ प्रतितोला भाउ बढेको थियो। जसकारण बुधबारका लागि सुनचाँदी व्यवसायी महासंघले सुनको भाउ दुई लाख ८५ हजार पाँच सय निर्धारण भएको थियो। त्यसयता भने लगातार दुई दिन मूल्यमा गिरावट आएको छ। बिहीबार प्रतितोला २९ सयले घटेर सुनको भाउ दुई लाख ८५ हजार ६ सय रुपैयाँ र शुक्रबार ४६ सयले घटेर प्रतितोला दुई लाख ८१ हजार रुपैयाँ निर्धारण भएको महासंघले जनाएको छ। चाँदीको भाउ भने सामान्य दरले बढेको छ। आइतबार प्रतितोला ४५ सय ४० रहेको चाँदी शुक्रबार ४६ सय ७० रुपैयाँ कायम भएको हो। साताभरमा चाँदीको भाउ एक सय ३० रुपैयाँ प्रतितोला वृद्धि भएको हो। महांघका अनुसार सोमबार ४४ सय २५, मंगलबार ४५ सय पाँच, बुधबार ४९ सय २० र बिहीबार ४८ सय २० रुपैयाँ प्रतितोलामा चाँदी खरिद-बिक्री भएको थियो।

मुस्ताङ एयरको हेलिकोप्टर सकुशल फेला

काठमाडौं/ दोलखाको लाप्चाबाट चरिकोटका लागि उडेको मुस्ताङ एयरको हेलिकोप्टर सकुशल रूपमा फेला परेको नागरिक उड्डयन प्राधिकरणअन्तर्गतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ। काठमाडौंबाट चरिकोटका लागि उडान गरेको हेलिकोप्टर त्यहाँबाट स्थानीय समयअनुसार १२ बजेर १७ मिनेटमा लाप्चाबाट चरिकोटका लागि उडेको कार्यालयले जनाएको छ। तर, त्यसपछि भने सम्पर्कविच्छेद भएको हेलिकोप्टर साँझ पाँच बजे स्थानीय बिगु गाउँपालिका- १, लाप्चामा सकुशल अवतरण गरेर बसेको अवस्थामा भेटिएको कार्यालयले जनाएको छ। खराब मौसमका कारण हेलिकोप्टरसँगको सञ्चार सम्पर्कविच्छेद भएपछि सेनासहितको स्थानीय सुरक्षाकर्मीले पैदल र हेलिकोप्टरमार्फत समेत खोजीकार्य थालेका थिए।

प्रदर्शनीमा घर निर्माण र सुरक्षासम्बन्धी छलफल

विराटनगर/ उद्योग संगठन मोरङले आयोजना गरेको पाँचदिने घर निर्माण प्रदर्शनीमा गुणस्तरीय घर निर्माण र त्यसको सुरक्षाबारे विज्ञहरूबाट छलफल हुन थालेको छ। विराटनगरको जैन भवनमा १२ चैतदेखि उद्योग संगठन मोरङले आयोजना गरेको पाँचदिने घर निर्माण प्रदर्शनीमा उपभोक्तालाई गुणस्तरीय घर निर्माण र सुरक्षा तथा नयाँ प्रविधिबारे जानकारी गराउने काम भइरहेको उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष तथा प्रदर्शनी संयोजक सुरेन्द्र गोल्छाले जानकारी दिए। उनका अनुसार प्रदर्शनीमा घर निर्माणमा प्रयोग हुने सामग्री, नयाँ प्रविधिबारे जानकारी गराउन मात्र नभएर घर निर्माण गर्दा प्रयोग हुने, रड, इँटा, ढुंगा, रोडा, पानी, सिमेन्टलगायतका निर्माण सामग्रीको प्रयोग र गुणस्तरीयताबारे पनि जानकारी गराउने गरिएको छ।

■ 'स्वर्णिम अर्थतन्त्र' निर्माणको अग्निपरीक्षामा अर्थमन्त्री

राजस्व अनुसन्धान विभागसहित पुराना १५ ऐन खारेज गर्ने अर्थमन्त्रीको निर्णय

निजी क्षेत्र र नागरिकले हैरानी पाइरहेका पुराना संरचना र कानुन खारेजीको प्रक्रिया सुरु, निवर्तमान अर्थमन्त्री रामेश्वरप्रसाद खनाल नेतृत्वको आयोगले पनि खारेजीका लागि गरेको थियो सिफारिस

पवन तिमिल्सिना/नयाँ पत्रिका

शुक्रबार पदबहाली गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राजस्व अनुसन्धान विभागलगायत पुराना संरचनासहितका १५ कानुन खारेज गर्ने निर्णय गरेका छन्।

निवर्तमान अर्थमन्त्री रामेश्वरप्रसाद खनाल नेतृत्वको आर्थिक सुधार सुझाव आयोगले एक वर्षअघि दिएको प्रतिवेदनको नवनियुक्त अर्थमन्त्री डा. वाग्लेले कार्यान्वयन थालेका हुन्। नागरिक र निजी क्षेत्रले हैरानी खेपेको गुनासो चर्को रूपमा उठेपछि खनाल आयोगले विभागसहितका संरचना र केही कानुन खारेज गर्न सिफारिस गरेको थियो। आयोगको सोही प्रतिवेदन कार्यान्वयन गरेर अर्थमन्त्री वाग्लेले करदातालाई खुसी पार्न खोजेका हुन्। उनले पदबहाली गर्दै चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजनिक गरेको सयवटा वाचापत्रसँग पनि मेल खाने भएकाले राजस्व अनुसन्धान विभाग खारेजीसहितको कानुन संशोधन गर्न लागिएको बताए।

'पछिल्लो समय एउटा ल्यान्डमार्क स्टडी भएको छ, मन्त्री हुनुअगावै रामेश्वर खनालको नेतृत्वमा गठन भएको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले ठ्याक्कै एक वर्षअगाडि एउटा लामो अथवा ठुलो प्रतिवेदन सरकारलाई बुझाउनुभएको थियो। विभिन्न कारणले गर्दा प्रतिवेदन आंशिक कार्यान्वयनमा मात्र छ,' उनले भने, 'प्रतिवेदनमा रहेका धेरै महत्त्वपूर्ण कुरा हाम्रो पार्टीको वाचापत्रको स्पिरिटसँग पनि मिल्छ। त्यसलाई हामी तत्काल कार्ययोजना बनाएर बनाएर अगाडि जान्छौं।'

राजस्व अनुसन्धान विभागबारे असाध्यै ठुलो गुनासो बढिरहेकाले निजी क्षेत्रको मनोबल उकास्न पनि यस्तो संरचना खारेज गर्नुपर्ने उनले बताए। 'प्रतिवेदनमा पनि यसलाई खारेज नै गर्नुपर्छ भनिएको छ। निजी क्षेत्रको आत्मविश्वास बढाउनका लागि सरकार तयार छ। कसैको दोहन वा लुटमा विश्वास गर्ने राज्य होइन,' उनले भने, 'उच्च नैतिकताबाट निर्देशित सरकार हो भन्ने सन्देश दिनुपर्नेछ। त्यसैले, निजीक्षेत्रमैत्री र प्रतिस्पर्धात्मक अर्थतन्त्रमैत्री नीतिहरूचाहिँ अब हामी ल्याउन गइरहेका छौं।' उनले विभागसहितका पुराना कानुन र संरचना सबै खारेजी गर्ने पनि स्पष्ट पारे। '१३ साल, १५ साल र ३१ सालका पुराना ऐन, कानुन र संरचना छन्। जबकि, मुलुक नै कहाँ पुगिसक्यो, विश्वको युग नै कहाँ पुगिसक्यो। ती पुराना कानुनहरूमा टेकेर अब अघि बढ्न सकिँदैन,' उनले भने। उनले कानुनी प्रक्रिया अवलम्बन गरेर पुराना संरचना र ऐन खारेजीका लागि कार्यदलसमेत बनिसकेको जानकारी दिए।



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

शुक्रबार दिउँसो पदबहाली गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने- रूपान्तरणकारी बजेट निर्माणमा केन्द्रित हुन्छौं

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि रूपान्तरणकारी बजेटको तयारी भइरहेको छ। अर्थ मन्त्रालयले आगामी बजेट रूपान्तरणकारी हुने गरी तयारी गरेको मैले बुझेको छ। त्यसमा धेरै नीति-नियम र तर्जाबजी अधिकारहरूलाई पनि पुनरावलोकन गर्नुपर्ने हुन्छ। बजेटमार्फत नै कानुनी सुधारको छुट्टै 'रोडम्याप' पनि बनाएर अगाडि जान्छौं।

निजी उद्यम-व्यवसायको सुरक्षा र प्रवर्द्धनलाई पनि प्राथमिकतामा राखिनेछ। खासगरी भदौ २३ २४ को घटनापछि निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिने विषय असाध्यै महत्त्वपूर्ण बनेको छ। अहिले चुनौतीको सामना गर्न बाह्य क्षेत्र सहज अवस्थामा भए पनि राजस्व चुनौतीपूर्ण अवस्थामा रहेको छ। उठेको राजस्व पनि खर्च गर्न नसकिरहेको अवस्था छ। त्यसैले राजस्व र खर्चको खडेरी छ। बैंकहरूमा डिपोजिट एकदम बढिरहेको छ, त्यसको प्राइभेट सेक्टरले क्रेडिट अपटेक गर्न नसकेर होइन, त्यसमा पनि मिसम्याचहरू देखिराखेको छ। यसको अर्थ आन्तरिक शिथिलतालाई पनि हामीले चिर्नुपर्नेछ। पहिलो भनेको तुरुन्तै-तत्कालै सम्बोधन गर्नुपर्ने विषय, बाह्य चुनौती, आन्तरिक चुनौतीलाई प्राथमिकता दिएर काम गर्नेछौं। दोस्रो नेपालको इकोनोमिक ग्रोथ, रोजगारी, लगानीको माहोल, उद्यमशीलता इत्यादि सबैलाई समेटेर रूपान्तरणकारी बजेटको तयारी र इकोनोमिक पोलिसीको सम्बोधन गर्ने गरी हामीले काम गर्नुपर्नेछ।

विभाग खारेजीका लागि आयोगले गरेको थियो यस्तो सिफारिस

आयोगले कर छलीका विषयमा छानबिनका लागि दोहोरोपना भएको र व्यवसायीलाई आतंकित गर्ने काम पनि भएको निष्कर्षसहित राजस्व अनुसन्धान विभाग खारेजीको सुझाव दिएको थियो। आयोगको प्रतिवेदनमा भनिएको छ, 'कतिपय अवस्थामा एउटा विशेषज्ञ निकायले हेर्नुपर्ने विषयमा राजस्व अनुसन्धान प्रवेश गरी गलत अनुसन्धान र मुद्दा दायर गर्ने काम भएको छ। व्यापारिक प्रयोजनका मालवस्तुहरूको आन्तरिक ओसारपसार गर्दा आन्तरिक राजस्व विभागले तोकेको मौज्दात स्थानान्तरण खाता सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट प्रमाणित गराई निर्धारित चलान लिएर हिँडेका सवारीसाधनलाई पनि राजमार्गमा जथाभावी रोकेर व्यवसायीलाई अनावश्यक दुःख दिने र व्यवसायको लागत बढाउने काम भएको छ। यसकारण राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, ०५२ खारेज गर्न उपयुक्त हुन्छ। यसले असल व्यावसायिक वातावरण निर्माण गर्न सहयोग पुग्छ।'



राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले नियमनका लागि प्रयोग गर्ने अधिकार मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐन र आयकर ऐनमा समेत लागू गरिएको छ। जसकारण नियमनमा दोहोरो-तेहरोपन आउने र निजी क्षेत्र विभिन्न ऐनबाट नियन्त्रित हुनुपर्दा हैरान भएको आयोगको प्रतिवेदनमा उल्लेख छ।



शब्द/तस्बिर : **मानदत्त रावल**

रारा जाने बाटोमा पुल निर्माण सुस्त : जुम्लाको कनकासुन्दरी गाउँपालिका -१, न्याउरीगाँडस्थित आरसिसी मोटरेबल पुल निर्माण सुरु भएको दुई वर्षमा एकछेउको पिलरको आधा भाग मात्रै ठडिएको छ। जुम्ला सदरमुकाम खलंगा हुँदै बुलबुले घुच्चीलेक भएर मुगुको रारा ताल पुग्ने छोटो दूरीको सडकमा बन्दै गरेको पुल आगामी असार मसान्तमा सक्ने गरी ठेक्का लागेको छ, तर समयमै सो पुल निर्माण नहुने पूर्वाधार विकास कार्यालय, जुम्लाको स्वीकारोक्ति छ।

आधा घट्यो सेयर कारोबारबाट सरकारले पाउने आम्दानी

गत आर्थिक वर्ष ०८१/८२ को आठ महिनामा १२ अर्ब १७ करोड पुँजीगत लाभकर उठेकोमा यसपालि साढे ६ अर्ब मात्रै संकलन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को आठ महिनामा सेयर कारोबारबाट सरकारलाई प्राप्त हुने पुँजीगत लाभकर ४७ प्रतिशतले घटेको छ। गत आवको पहिलो आठ महिनामा सेयर कारोबारबाट १२ अर्ब १७ करोड १३ लाख ९८ हजार पुँजीगत लाभकर उठेको थियो। तर, चालू आवको सोही अवधिमा ६ अर्ब ४४ करोड १० लाख चार हजार मात्रै राजस्व उठेको सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)को तथ्यांकले देखाएको छ।

गत आवभर भने सरकारले पुँजीगत लाभकरमार्फत १६ अर्ब ५४ करोड ३७ लाख राजस्व संकलन गरेको थियो। तर, चालू आवमा कारोबार कमजोर हुँदा सेयर बजारबाट उठ्ने पुँजीगत लाभकर संकलन न्यून हुने राजस्वका अधिकारीहरूको अनुमान छ। चालू आवको समीक्षा अवधिमा सेयर बजारमा देखिएको अस्थिरताले पुँजीगत लाभकरमा असर पुऱ्याएको छ। खासगरी २३ र २४ को जेन-जी आन्दोलनपछि सेयर लगानीकर्तामा उत्साह बढ्न सकेको छैन। त्यसैले सेयर बजारमा उतारचढाव देखियो। लगानीकर्ताले सेयर खरिद-बिक्री गरेर कमाउने नाफा पनि प्रभावित भएको छ। फलस्वरूप सेयर कारोबारबाट उठ्ने करमा प्रत्यक्ष असर पुगेको हो। सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले लगानीकर्ताले कमाउने नाफा घटेपछि कर संकलन पनि स्वतः प्रभावित हुने बताउँछन्।

सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ पाँच प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा पाँच प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा भने ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्ने गरेको छ।





कुन महिना कति उठ्यो पुँजीगत लाभकर ?

तथ्यांकअनुसार चालू आवको साउन महिनामा दुई अर्ब १५ करोड ७५ लाख रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। त्यसैगरी, भदौमा ६० करोड १४ लाख ९९ हजार रुपैयाँ, असोजमा २४ करोड ३६ लाख ५६ हजार रुपैयाँ र कात्तिकमा ३८ करोड पाँच लाख ९९ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। यसैगरी, मंसिरमा ६२ करोड ९८ लाख २० हजार रुपैयाँ, पुसमा ५८ करोड ४३ लाख ५७ हजार रुपैयाँ र माघमा एक अर्ब २९ करोड १९ लाख २० हजार रुपैयाँ पुँजीगत लाभकर उठेको तथ्यांकमा उल्लेख छ। अहिले फागुनमा ५५ करोड १५ लाख ८१ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको छ।

● चालू आर्थिक वर्षको ८ महिनामा उठेको राजस्व विवरण

महिना	पुँजीगत लाभकर संकलन
साउन	२ अर्ब १५ करोड ७५ लाख ६९ हजार
भदौ	६० करोड १४ लाख ९९ हजार
असोज	२४ करोड ३६ लाख ५६ हजार
कात्तिक	३८ करोड ५ लाख ९९ हजार
मंसिर	६२ करोड ९८ लाख २० हजार
पुस	५८ करोड ४३ लाख ५७ हजार
माघ	१ अर्ब २९ करोड १९ लाख २० हजार
फागुन	५५ करोड १५ लाख ८१ हजार

गत आवको साउनमा चार अर्ब २३ करोड ७८ लाख ६१ हजार रुपैयाँ, भदौमा दुई अर्ब ५७ करोड ९४ लाख ८० हजार रुपैयाँ, असोजमा ५८ करोड ६५ लाख ४० हजार रुपैयाँ र कात्तिकमा ७५ करोड ८७ लाख ८१ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो। यसैगरी, गत आवको मंसिरमा एक अर्ब चार करोड ६ लाख २३ हजार रुपैयाँ, पुसमा ५८ करोड सात लाख ८५ हजार रुपैयाँ र माघमा एक अर्ब पाँच करोड ७० लाख ८८ हजार रुपैयाँ पुँजीगत लाभकर उठेको थियो।

ठमेलमा १०० मिलियन डलरको होटेल बन्दै

चौधरी ग्रुपको अगुवाइमा 'द रिट्ज-कार्लटन'को ठमेलमा शिलान्यास, तीन वर्षपछि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको होटेलमा एक सय ५० लक्जरी रुमसहित ब्रान्डेड रेसिडेन्स, व्यावसायिक कम्प्लेक्स र क्यासिनोसमेत रहने

शुक्रबार भूमिपूजन गरेका सिजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक राहुल चौधरीले प्रेस विज्ञप्तिमार्फत भनेका छन्, **'आजको यो पहल केवल परियोजना उद्घाटनका लागि मात्र होइन, यो युवा सोच, युवा उद्यमीहरूको पहल हो। यो परियोजना नेपालका नयाँ प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारप्रति हाम्रो समर्थन र विश्वासको प्रतीक पनि हो।'**





नयाँ पत्रिका

चौधरी ग्रुपको अगुवाइमा विश्वप्रसिद्ध होटेल समूह म्यारियट इन्टरनेसनलसँगको साझेदारीमा लक्जरी ब्रान्ड 'द रिट्ज-कार्लटन'को ठमेलमा निर्माण सुरु गरिएको छ। होटेल क्षेत्रमा गरिएको सबैभन्दा ठुलो लगानीमध्ये यो एक हो।

सन् १९८३ मा स्थापित रिट्ज-कार्लटन ब्रान्डले ३० देशमा एक सय आठभन्दा बढी होटेल तथा रिसोर्ट सञ्चालन गर्दै आएको छ। चौधरी ग्रुपअन्तर्गतको सिजी हस्पिटालिटी ग्लोबलले रवीन्द्र श्रेष्ठ (आई जे ग्रुप), सौरभ शर्मा (शर्मा एन्ड कम्पनी), अमृत शाक्य र सञ्चित श्रेष्ठसँगको साझेदारी होटेल निर्माण अघि बढाएको हो।

होटेलको शुक्रबार भूमि पूजन गरेर निर्माण अघि बढाएको चौधरी ग्रुपले विज्ञप्तिमार्फत जनाएको छ। होटेलमा एक सय ५० लक्जरी रुमसहित अल्ट्रा लक्जरी होटेल, ब्रान्डेड रेसिडेन्स, व्यावसायिक कम्प्लेक्स र क्यासिनोसमेत रहनेछ।

नौ रोपनी जग्गामा निर्माण सुरु भएको होटेलको अनुमानित लागत करिब एक सय मिलियन अमेरिकी डलर रहेको छ। परियोजना सन् २०२९ को मध्यसम्म पूरा गर्ने लक्ष्य राखिएको छ। होटेलको एक रातको 'रुम रेट' एक हजार डलरभन्दा बढी रहने विज्ञप्तिमार्फत जानकारी दिइएको छ।

यो परियोजनामार्फत नयाँ सरकारको निजी क्षेत्रप्रतिको विश्वास र लगानी प्रवर्द्धनको लक्ष्यप्रति प्रतिबद्धता देखाएको सिजी हस्पिटालिटीले जनाएको छ। परियोजनाले रोजगारी सिर्जना, लगानी आकर्षण र विकासलाई अर्को स्तरमा लैजान केन्द्रित रहने लगानीकर्ताको अपेक्षा रहेको विज्ञप्तिमा जनाइएको छ।

सिजी हस्पिटालिटी ग्लोबलका प्रबन्ध निर्देशक एवं कार्यकारी अधिकृत राहुल चौधरीले रिट्ज-कार्लटनको प्रवेशले चौधरी ग्रुपको नेपालको पर्यटन क्षेत्रमा विश्वस्तरीय योगदान पुऱ्याउने प्रतिबद्धतालाई पुष्टि गरेको बताएका छन्।

'आजको यो पहल केवल परियोजना उद्घाटनका लागि मात्र होइन, यो युवा सोच, युवा उद्यमीहरूको पहल हो। जसले विश्वस्तरीय पर्यटन नेपालमा स्थापित गर्न चाहन्छन्। यो परियोजना नेपालका नयाँ प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारप्रति हाम्रो समर्थन र विश्वासको प्रतीक पनि हो,' उनले भनेका छन्, 'यस परियोजनामार्फत हामी रोजगार सिर्जना, उच्चस्तरीय पर्यटन प्रवर्द्धन र आर्थिक वृद्धि बढाउने राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउनमा केन्द्रित छौं।'

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शनिबार १४ चैत ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

१९औँ संस्करणको आइपिएल आजदेखि

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

विश्वचर्चित इन्डियन प्रिमियर लिग (आइपिएल)को १९औँ संस्करण शनिबारदेखि सुरु हुँदै छ। आइपिएलको उद्घाटन खेलमा रोयल च्यालेन्जर्स बेंग्लोरले सनराइजर्स हैदराबादको सामना चिन्न स्वामी रंगशालामा गर्नेछ। बेंग्लोर आइपिएलको साबिक विजेता हो। गत वर्ष पन्जाब किंग्सलाई हराउँदै बेंग्लोर पहिलोपटक विजेता बनेको थियो। बेंग्लोरको लक्ष्य यसपटक उपाधि रक्षा गर्नु हो। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले १९औँ संस्करणको आइपिएलका खेल छोट्याइएको छ। सुरुवाती क्रिममा आइपिएलमा ८४ खेल भनिएको थियो।

बिसिसिआईले खेलतालिका परिवर्तन गर्दै ७४ खेलमा सीमित बनाएको हो। आइपिएलको ७४औँ खेलमा विजेता छिनोफानो हुनेछ। चेन्नई सुपर किंग्स, कोलकता नाइट राइडर्स, राजस्थान रोयल्स, रोयल च्यालेन्जर्स बेंग्लोर, पन्जाब किंग्स, मुम्बई इन्डियन्स, सनराइजर्स हैदराबाद, गुजरात टाइटन्स, दिल्ली क्यापिटल्स र लखनउ सुपर जायन्टले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन्। आइपिएलमा पहिलोपटक समूह विभाजन भएको छ। समूह 'ए'मा चेन्नई, कोलकाता, राजस्थान, बेंग्लोर र पन्जाब छन्। समूह 'बी'मा मुम्बई, हैदराबाद, गुजरात, दिल्ली र लखनउ छन्।

सुरुवातमा समूह चरण खेल हुनेछ। त्यसपछि प्ले अफ लागू हुनेछ। अंकतालिकामा शीर्ष चार टोली प्ले अफमा पुग्नेछन्। आइपिएलकै सर्वाधिक सफल फ्रेन्चाइज टोली चेन्नई सुपर किंग्सले पहिलोपटक वानखेडे रंगशालामा मुम्बई इन्डियन्सको सामना गर्नेछ। यो खेल २३ अप्रिलमा हुनेछ। यी दुवै फ्रेन्चाइज टोलीले समान पाँचपटक उपाधि जितेका छन्। यसैगरी, कोलकाताले तीनपटक ट्रफी उचालेको छ। राजस्थान र डेकन चार्जर्सले समान एकपटक आइपिएलको उपाधि जितेका छन्। राजस्थान पहिलो संस्करणको विजेता हो। डेकन अहिले आइपिएलको अस्तित्वमै छैन।





विदेशीमा ग्रिन महँगा खेलाडी

आइपिएलको इतिहासमा विदेशी खेलाडीमध्ये महँगा अस्ट्रेलियाका क्यामरन ग्रिन हुन्। १९औँ संस्करण आइपिएलको अक्सनमा कोलकाता नाइट राइडर्सले ग्रिनलाई २५ करोड २० लाख भारुमा अनुबन्ध गरेको थियो। ग्रिनले अक्सनमा दुई करोड भारु औसत मूल्य राखेका थिए। ग्रिनलाई भिऱ्याउन पूर्वविजेता चेन्नई अग्रसर भएको थियो। चेन्नईले उनलाई अनुबन्ध गर्न २० करोड भारु बोली लगाएको थियो। चेन्नईले पुनः २५ करोड भारु लगानी गर्न तयार भयो। अन्तिममा कोलकाताले २५ करोड २० लाख भारु बोली लगाउँदा चेन्नई पछि हट्यो। १८औँ सिजनमा अस्ट्रेलियन खेलाडी मिचेल स्टार्क आइपिएलकै सबैभन्दा महँगा खेलाडी बनेका थिए। त्यसवेला कोलकाताले नै स्टार्कमाथि २४ करोड ५० लाख भारु खर्च गरेको थियो। बिसिसिआईको नयाँ नियमअनुसार विदेशी खेलाडीले अधिकतम १८ करोड मात्र पारिश्रमिक पाउनेछन्। अक्सनमा कुनै टोलीले १८ करोड भारुभन्दा बढी बोली लगाउँदा अतिरिक्त रकम खेलाडीलाई प्रदान नगरिने जनाएको छ।

अक्सनमा विदेशी खेलाडीमाथि १८ करोडभन्दा बढी रकम खर्चिँदा बिसिसिआईले खेलाडी कल्याण कोषका लागि प्रयोग गर्नेछ। बिसिसिआईले भारतीय खेलाडीका हकमा कुनै नियम राखेको छैन। सहभागी टोलीले घरेलु खेलाडीमाथिको बोलीमा कुनै सीमा लागू गरेको छैन।

ऋषभ आइपिएलकै महँगा खेलाडी

आइपिएलको इतिहासमा अहिलेसम्मकै सबैभन्दा महँगा खेलाडी भारतका ऋषभ पन्त हुन्। १८औँ संस्करणमा लखनउ सुपर जायन्टले उनलाई अक्सनमा २७ करोड भारुमा अनुबन्ध गरेको थियो। १९औँ संस्करणमा यो रकमबराबर कुनै पनि स्वदेशी वा विदेशी खेलाडीमाथि रकम खर्चिएन्। ऋषभपछि श्रेयश अयर हुन्। पन्जाबले उनलाई गत संस्करणमा २६ करोड ७५ लाख भारुमा भित्र्याएको थियो। भारतका पूर्वकप्तान विराट कोहली स्वदेशी खेलाडीमा तेस्रो महँगा खेलाडी हुन्। बेंग्लोरले उनलाई २१ करोड भारुमा रिटेन गरेको हो। त्यसपछि भारतका खेलाडीमा महँगा रितुराज गायवाड र सन्जु सामसन हुन्। चेन्नईका खेलाडी रितुराज र सन्जुले समान १८ करोड भारुमा रिटेन भएका हुन्। मुम्बईका जस्प्रित बुमराहलाई मुम्बईले १८ करोड भारुमा सम्झौता गरेको छ।

चर्चित खेलाडी रिटेन

१९औँ संस्करणको आइपिएलमा सहभागी फ्रेन्चाइज टोलीले प्रमुख खेलाडीलाई रिटेन गरेका छन्। साबिक विजेता बेंग्लोरले कोहली र भुवनेश्वर कुमारलाई रिटेन गरेको छ। बेंग्लोरले भुवनेश्वरलाई १० करोड भारुमा रिटेन गरेको थियो। पन्जाबले अर्सदीप सिंह तथा युजभेन्द्र चाहललाई समान १८ करोड भारुमा रिटेन गऱ्यो। चेन्नईले रितुराज र सामसनलाई नवीकरण गरेको थियो। चेन्नईले महेन्द्रसिंह धोनी, दिल्लीले अक्षर पटेल, लोकेश राहुल र कुलदीप यादवलाई रिटेन गरेको थियो। गुजरातले शुभमन गिललाई १६ करोड ५० लाख भारु र मोहमद सिराजलाई १२ करोड २५ लाख भारुमा रिटेन गरेको थियो। मुम्बईले हार्दिक पाण्ड्यालाई १६ करोड ३५ लाख भारु र रोहित शर्मालाई १६ करोड ३० लाख भारुमा रिटेन गरेको थियो।

उपाधिको खोजीमा पन्जाब र दिल्ली

आइपिएलमा सहभागी १० टोलीमध्ये अहिलेसम्म पन्जाब र दिल्ली मात्र उपाधिविहीन छन्। यसबाहेक अन्य आठ टोलीले उपाधि जितेका छन्। १७औँ संस्करणसम्म पनि ट्रफी जित्न नसकेको बेंग्लोर गत वर्ष च्याम्पियन बन्यो। १८ वर्षको इतिहासमा पन्जाब दुईपटक फाइनल उपविजेता बनेको थियो। उसले एकपटक सेमिफाइनल स्थान बनाएको थियो। पन्जाबले सन् २००८ मा पहिलोपटक सेमिफाइनलमा पुगेको थियो। पन्जाबले सन् २०१४ मा फाइनल खेल्दा कोलकाताबाट तीन विकेटले पराजित भयो। गत वर्षको उपाधि भिडन्तमा पन्जाब बेंग्लोरसँग निराश भयो। यसपटक पन्जाबले बलिङ र ब्याटिङमा बलियो बनाएको छ।

पन्जाबजस्तै दिल्ली पनि उपाधिविहीन नै छ। दिल्लीले १८औँ संस्करणसम्म उतारचढाव प्रदर्शन गरेको देखिन्छ। दिल्लीले एकपटक मात्र उपाधिमाथि दाबेदार दिएको थियो। दिल्ली आइपिएलको इतिहासमा एकपटक फाइनल तथा ६ पटक क्वालिफायर्समा प्रवेश गरेको थियो। दिल्लीले १८ सिजनमा १५ कप्तान परिवर्तन गरेको छ। सन् २०२० को आइपिएलमा दिल्लीले फाइनल स्थान पक्का गर्दा मुम्बईबाट पाँच विकेटले पराजितको हार सामना गरेको थियो। योपटक अक्सनबाट दिल्लीले स्तरीय खेलाडी अनुबन्ध गरेको छ। दिल्ली सहभागीमध्ये सन्तुलित टोली देखिन्छ।

(**एजेन्सीको सहयोगमा**)

अहिलेसम्मका विजेता

सन्	विजेता	उपविजेता	नतिजाअन्तर
२००८	राजस्थान	चेन्नई	३ विकेट
२००९	डेकन	बेंग्लोर	६ रन
२०१०	चेन्नई	मुम्बई	२२ रन
२०११	चेन्नई	बेंग्लोर	५८ रन
२०१२	कोलकाता	चेन्नई	५ विकेट
२०१३	मुम्बई	चेन्नई	२३ रन
२०१४	कोलकाता	पन्जाब	३ विकेट
२०१५	मुम्बई	चेन्नई	४१ रन
२०१६	हैदराबाद	बेंग्लोर	८ रन
२०१७	मुम्बई	पुने	१ रन
२०१८	चेन्नई	हैदराबाद	८ विकेट
२०१९	मुम्बई	चेन्नई	१ रन
२०२०	मुम्बई	दिल्ली	५ विकेट
२०२१	चेन्नई	कोलकाता	२७ रन
२०२२	गुजरात	राजस्थान	७ विकेट
२०२३	चेन्नई	गुजरात	५ विकेट
२०२४	कोलकाता	हैदराबाद	८ विकेट
२०२५	बेंग्लोर	पन्जाब	६ रन

खेलकुदमा भएको राजनीतीकरण रोक्ने कार्य प्राथमिकतामा : मन्त्री पोखरेल



नयाँ पत्रिका

नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपालको खेल क्षेत्रमा बढ्दो राजनीतीकरणलाई रोक्नु प्रमुख प्राथमिकता हुने बताएका छन्। मन्त्रीको कार्यभार सम्हालेपछि शुक्रबार सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै पोखरेलले नेपालको खेलकुद क्षेत्र अत्यधिक राजनीतीकरणका कारण प्रभावित भएको बताए।

'नेपालको समस्या जहाँ राजनीति गर्नुपर्ने हुन्छ त्यहाँ हुँदैन, जहाँ गर्न नहुने हुन्छ, त्यहीँ राजनीति हुन्छ,' उनले भने, 'खेलकुद र शिक्षा क्षेत्रमा व्याप्त राजनीतीकरणलाई पूर्ण रूपमा बन्द गरिनुपर्छ।'

खेलाडी र खेलकुदसँग सम्बन्धित व्यक्तिहरूले नै नेतृत्व गर्नुपर्ने उनको बुझाइ छ। त्यसका लागि राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुदसँग सम्बन्धित अन्य निकायमा अनुभव र विज्ञता भएका व्यक्तिलाई समेटेर अघि बढ्ने योजना रहेको उनले सुनाए।

मन्त्री पोखरेलले खेलकुद निकायहरूमा राजनीति गर्ने मान्छे नभई खेल क्षेत्रकै विज्ञ र अनुभवी व्यक्ति पुग्नुपर्नेमा जोड दिएका छन्। 'सबैतिर राजनीतीकरण बन्द गरिनुपर्छ। खेलकुद र शिक्षा क्षेत्रमा मात्र होइन, रास्वपा सरकारमा आउँदा-आउँदैखेरि पेसागत रूपमा जहाँजहाँ पनि राजनीतीकरण भएर काम गर्न कठिन भएको छ,' उनले भने, 'त्यो राजनीतीकरणलाई सुरुमा रोक्नुपर्छ। नेपालको खेलकुद क्षेत्र पनि धेरै राजनीतीकरण भएर अहिले बिग्रेको छ। अब खेलकुदमा राजनीति होइन, खेल्ने मान्छेहरू जाने हो।' उनले खेल क्षेत्रको दीर्घकालीन सुधारका लागि सानो उमेरदेखि नै खेलाडीलाई उचित प्रशिक्षण र पोषण उपलब्ध गराउने योजना अघि सार्ने बताए।

अनुभवीलाई पहिलो प्राथमिकता

राष्ट्रिय खेलकुद परिषद्देखि अन्य खेलकुदसँग सम्बन्धित निकायमा अनुभवी व्यक्तिलाई पहिलो प्राथमिकतामा राखिने मन्त्री पोखरेलले बताए। राष्ट्रिय खेलकुद परिषद् अथवा खेलकुदसँग सम्बन्धित जति पनि अरू निकायहरू छन्, त्यो सबैमा चाहिँ त्यो क्षेत्रमा विज्ञता भएको, त्यो क्षेत्रको अनुभव भएका विज्ञहरूलाई हामीले सँगै राखेर अगाडि बढाउनेछौं,' उनले भने, 'अब हाम्रो एउटा एकदमै महत्त्वपूर्ण योजना भनेको खेल क्षेत्रमा भएको राजनीतीकरणलाई रोक्ने हो।'

एन्फा विवादबारे चासो

सञ्चारकर्मीले नवनियुक्त खेलकुदमन्त्री पोखरेलसमक्ष एन्फा विवादका प्रश्न राखेका थिए। एन्फाभित्र राजनीतीकरण हाबी भएर विवाद उत्पन्न भएको उनले बताए। 'एन्फाको विवाद पनि अहिले बिग्रेको भनेको राजनीतीकरण धेरै भएर हो। सुरुमा त्यहाँ एन्फा र राजनीति दुइटालाई छुट्याउनुपर्छ,' उनले भने, 'त्यही क्षेत्रका विज्ञसँग सहकार्य गरेर हामी अगाडि बढ्छौं।'

विनासर्त निलम्बन फिर्ता गर्न नेम्वाङ पक्षको माग



आइतबारदेखि एन्फामा दैनिक काम हुन्छ

● **रामचरित मेहता**, सदस्यसचिव, राखेप

अहिलेसम्म एन्फाका अध्यक्ष र महासचिवले राजीनामा पत्र बुझाएका छैनन्। उहाँहरूले राजीनामा दिँदा हामी बाँकी काम अगाडि बढाउँछौं। उहाँबाट राजीनामा पत्र आएपछि आइतबारदेखि नै काम गर्छौं। एन्फाको चाबी उहाँहरूले हामीलाई दिनुपर्छ। राखेपले काम सुरु गरेपछि उहाँहरूले दाबी गर्न सक्नुहुन्न।



हामी मुख्यालय प्रवेश नै गर्दैनौं

● **किरण राई**, महासचिव, एन्फा

राखेपले हस्तक्षेप गरिसकेको छ। आजको मितिबाट हामी निलम्बन फुकुवा नभएसम्म एन्फा मुख्यालयमा कसैलाई प्रवेश गर्न दिनेछैनौं। यो सबै जिम्मेवारी राखेपले लिनुपर्छ। नेपाली फुटबल संकटमा पर्छ भनेरै निर्वाचन स्थगित गरिएको हो। अब हामी वैधानिक र कानुनी रूपमा पछि परेका छौं। राखेपले नै रोकिएका लिगदेखि हुने प्रतियोगिता आयोजना गर्नुपर्छ।

भ्रमाना **रमेश सुवेदी**

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निलम्बनमा परेको अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङले आफूहरूमाथिको अन्यायपूर्ण निर्णय भएको बताएका छन्। नेम्वाङले कानुनी आधारविना लगाइएको तीनमहिने निलम्बन विनासर्त तत्काल राखेपले फिर्ता गर्नुपर्ने माग राखेका छन्। 'राखेपले हामीमाथि अन्याय गरेको छ। निःस्वार्थ भावनाका साथ फुटबलमा लागेका व्यक्तिमाथि अन्यायपूर्ण निर्णय गरिएको छ। एन्फामाथि लगाइएको प्रतिबन्ध तत्कालै विनासर्त फिर्ता गर्न हामी आग्रह गर्छौं,' नेम्वाङले शुक्रबार भने।



राखेपबाट तीन महिना निलम्बनमा परेका पंकजविक्रम नेम्वाङ पक्षले विनासर्त आफूहरूलाई एन्फामा काम गर्न दिनुपर्ने माग राखेका छन्

शुक्रबार भ्रमाना हुने निर्वाचन स्थगित भएपछि पत्रकार सम्मेलन गर्दै नेम्वाङले खेलकुद परिषद्को आलोचना गरेका छन्। उनले एन्फालाई फिफा र एएफसीको विधानबमोजिम स्वतन्त्र रूपमा काम गर्ने वातावरण सुनिश्चित गरिनुपर्ने पनि माग राखेका छन्। उनका अनुसार तेस्रो पक्षको हस्तक्षेपका कारण फिफाले नेपाललाई अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउन सक्छ। फिफा र एएफसीले स्वीकृति प्रदान गरेको अवस्थामा राखेपकै कारण आहफूहरूले निर्वाचन स्थगित गर्नुपरेको नेम्वाङले बताउँदै राखेपको निलम्बनले द्वन्द्व बढाएको जनाए।

पत्रकार सम्मेलनमा ड्यासमा बसेका पदाधिकारीले एन्फाका पूर्वअध्यक्षद्वय गणेश थापा र कर्माछिरिङ शेर्पाको भूमिकामाथि गम्भीर प्रश्न उठाएका छन्। एन्फाका महासचिव किरण राईले पूर्वअध्यक्ष शेर्पाले आफू नेतृत्वमा रहँदा फुटबल ध्वस्त पार्ने नियत राखेको र नेपालमा नर्मलाइजेसन ल्याउनका लागि बाह्य लबिङको आरोप लगाएका छन्। उनले फुटबल अन्तर्राष्ट्रिय क्षेत्रमा सञ्चालन हुने खेल भएकाले फिफाको वान पोल सिद्धान्त र स्वायत्तताको सम्मान हुनुपर्ने बताए।

'बाह्य हस्तक्षेप भएमा नेपाल फिफाबाट निलम्बन हुने खतरा रहेको र यस्तो भएमा फुटबलको विकासको लय बिग्रनेछ,' राई भन्छन्, 'निर्वाचनको तयारी भइरहँदा मिडियामार्फत एन्फालाई तीन महिना निलम्बन गरिएको खबर प्राप्त भएको र त्यसपछि फिफा र एएफसीका प्रतिनिधिसँगको छलफलपछि निर्वाचन स्थगित गरेका हौं।'

एन्फाका सिइओ इन्द्रमान तुलाधरले भने फिफा र एएफसीको सल्लाहमा निर्वाचन स्थगित गरिएको बताए। उनले सरकारले विषय नबुझेको हुन सक्ने उल्लेख गर्दै फिफा र एएफसीकाले नै यसबारे सरकारलाई स्पष्ट पार्ने विश्वास व्यक्त गरे।

राखेपले फुटबलको जिम्मा लिनुपर्ने

राखेपबाट तीन महिना निलम्बनमा परेपछि एन्फा पदाधिकारीले अब फुटबलको सम्पूर्ण जिम्मेवारी उनीहरूले लिनुपर्ने भनाइ राखेका छन्। 'राखेपको हस्तक्षेपपछि हामी वैधानिक र कानुनी मान्यताविहीन भएका छौं,' राईले भने, 'हामी एन्फा मुख्यालय तीन महिनासम्म प्रवेश नै गर्दैनौं। एन्फाले गर्ने दैनिकी कार्यका सबै काम राखेपले नै गर्नुपर्छ।' यता राखेपले भने जिल्ला र प्रदेशको तहगत निर्वाचनसँगै नौ बुँदा संशोधन गरेपछि मात्रै निलम्बन फुकुवा हुने जनाएको छ।

राखेपका सदस्यसचिव रामचरित मेहताले अध्यक्ष नेम्वाङ र महासचिव राईको राजीनामापछि आफू आइतबारबाटै एन्फाका दैनिक कार्य सुरु गर्ने नयाँ पत्रिकालाई बताए। 'उहाँहरूले राजीनामा दिएकै छैनन्। हामीले निलम्बन मात्रै गरेका हौं,' मेहताले भने, 'राजीनामा दिन आउनुहुन्छ भने हामी एन्फाको सबै कार्य गर्नेछौं।' लाओसस्थित खेल्न राष्ट्रिय टोली र महिला फुटबलको अन्तर्राष्ट्रिय एक्स्पोजरका लागि आवश्यक स्वीकृति राखेपबाट प्राप्त नहुँदा खेलाडीको भविष्य अन्योलमा परेको महासचिव राईले बताए। 'राज्यको स्वीकृतिविना टोली बाहिर पठाउन नसकिने र यसो गर्दा कानुनी प्रश्न उठ्न सक्नेछ,' उनले भने, 'एन्फाले सञ्चालन गरिरहेका चारवटा एकेडेमी र अन्य प्रतियोगिताका भविष्य अब राखेपकै काँधमा छ।'

पिएम कपमा मधेशको दोस्रो जित



काठमाडौं/ प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले दोस्रो जित हात पारेको छ। मधेशले शुक्रबार जनकपुरमा भएको खेलमा लुम्बिनी प्रदेशलाई २४ रनले हराउँदै दोस्रो जित निकालेको हो। मधेशले एक सय २४ रनको सामान्य लक्ष्य लुम्बिनी २६ ओभरमा ९९ रनमै अलआउट हुन पुगेको थियो। लुम्बिनीका लागि सुमित श्रेष्ठले सर्वाधिक ३० रन जोड्दा मधेशका विशाल पटेलले पाँच विकेट लिए। यसअघि पहिलो ब्याटिङ गरेको मधेश ३८.१ ओभरमा एक सय २४ रनमा अलआउट भयो। मधेशका ओपनर मयन यादवले सर्वाधिक ३१ रन बनाए। बलिङमा लुम्बिनीका सन्देश थापा र सन्तोष यादवले समान तीन विकेट लिए।

एलिटलाई महिलातर्फको उपाधि



कास्की/ एलिट भलिबल एकेडेमी पोखरा- ३, नदीपुरले चौथो संस्करणको माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कपअर्न्तगत महिलातर्फको उपाधि जितेको छ। प्रतियोगिताअन्तर्गत शुक्रबार भएको फाइनलमा एलिटले शान्ता भलिबल ट्रेनिङ सेन्टर भकुन्डे पोखरालाई ३-२ को सेटमा पराजित गर्दै उपाधि हात पारेको हो। चार सेट सकिँदा २-२ सेटको बराबरी भएको थियो। पाँचौं तथा निर्णायक सेट एलिट १५-८ ले विजयी भयो। उपाधिसँगै एलिटले ६० हजार र उपविजेता शान्तालेे ३० हजार रुपैयाँ पाए। पुरुषतर्फ शुक्लागण्डकी नगरपालिका तनहुँले अन्तिम दुईमा स्थान बनाएको छ। शुक्लागण्डकीले बिरुवा गाउँपालिका स्याङ्जालाई ३-१ को सेटमा पराजित गर्दै फाइनल स्थान बनाएको हो। अन्नपूर्ण गाउँपालिका कास्की र बौदीकाली गाउँपालिका नवलपुरबिचको दोस्रो सेमिफाइनल वर्षाको कारण खेल हुन सकेन। फाइनल पुगेको शुक्लागण्डकीले शनिबार अन्नपूर्ण र बौदीकालीबिच हुने खेलको विजेतासँग उपाधिका लागि भिड्नेछ।

साफ यू-२० च्याम्पियनसिप
समूह विजेता बन्दै नेपाल सेमिफाइनलमा

समूह 'ए'को आफ्नो अन्तिम खेलमा माल्दिभ्सलाई १-१ को बराबरीमा रोकेको नेपालले तीन खेलबाट सर्वाधिक सात अंक जोडेको छ

नयाँ पत्रिका

नेपाल समूह विजेताका रूपमा साफ यू-२० च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। माल्दिभ्समा चलिरहेको च्याम्पियनसिपअन्तर्गत शुक्रबार समूह 'ए'को आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोली माल्दिभ्सलाई १-१ को बराबरीमा रोक्दै, शीर्ष स्थानमा रहँदै अन्तिम चारमा स्थान बनाएको हो। बराबरी नतिजासँगै नेपालले तीन खेलबाट ७ अंक बटुल्यो। श्रीलंका ३ अंकसहित दोस्रो स्थानमा छ। माल्दिभ्सले समान खेलबाट २ अंक जोड्न सक्यो।

मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा नेपालका लागि निशानराज लावत र माल्दिभ्सका लागि कप्तान मोहम्मद इमराननले एक-एक गोल गरेका थिए। खेलको १५औँ मिनेटमा माल्दिभ्सका इमरानले १-० का लागि गोल गरेका थिए। पहिलो हाफमा नेपालले बराबरी गोल फर्काउने निकै प्रयास गरेको थियो। तर, घरेलु मैदानको फाइदा उठाएको माल्दिभ्सले नेपालका स्ट्राइकरहरूलाई डी-बक्सभित्र चल्नै दिएनन्। माल्दिभ्सले एक गोलको अग्रता लिएपछि रक्षात्मक रणनीति अपनाएको थियो।

नेपालले बल पोसेसन बनाउँदै माल्दिभ्समाथि दबाब बनाइराखे पनि मध्यान्तरअघि बराबरी गोल भने फर्काउन सकेन। दोस्रो हाफमा नेपालले थप सुधारिएको प्रदर्शन गऱ्यो। माल्दिभ्स भने नेपालविरुद्धको एक गोलको अग्रताका साथ खेल सकाउने योजनाका साथ मैदानमा उत्रिएको थियो। नेपाली युवा खेलाडीले माल्दिभ्सको पोस्टमा निरन्तर पोस्टचार्ज गरिरहेका थिए। खेलको ८७औँ मिनेटमा नेपालले १-१ का लागि गोल गऱ्यो। नेपाललाई अन्तिम समयमा निशानले बराबरी गोल गरेका हुन्। सुवास बमको फ्रिकिक डी-बक्स क्षेत्रमा पुगेपछि त्यसैलाई सदुपयोग गर्दै निशानले गोल गरेका हुन्। समूह चरणमा नेपालले यसअघि भुटान र श्रीलंकालाई हराएको थियो।



समूह 'बी'मा भारत र बंगलादेश अन्तिम चारमा पुगेका छन्। यस समूहबाट पाकिस्तान बाहिरिएको छ। पाकिस्तान लगातार दुई खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको हो। भारतले बिहीबार पाकिस्तानलाई हराउँदा एक खेलअगाडि नै बंगलादेश पनि सेमिफाइनलमा पुगेको थियो। नेपालले समूह विजेताका रूपमा सेमिफाइनल स्थान बनाउँदा भुटानमाथि २-१ को कठिन जित निकालेको थियो। समूह 'ए'मा भुटान तुलनात्मक रूपमा कमजोर प्रतिद्वन्द्वी मानिएको थियो।

नेपालविरुद्धको पहिलो खेलमा भुटानले उत्कृष्ट खेल प्रदर्शन गऱ्यो। भुटानविरुद्ध नेपालका डंगोल र बमले गोल गरेका थिए। दोस्रो खेलमा श्रीलंकामाथि १-० को जित निकाल्दा नेपालका बलमे नै निर्णायक गोल गरेका थिए। नेपाल यो फर्म्याटको दुईपटकको विजेता हो।

शीर्ष गोलकर्तामा मोहमद

माल्दिभ्समा भइरहेको साफ यू-२० च्याम्पियनसिपमा माल्दिभ्सका मोहमद इमरान सर्वाधिक गोल गर्ने खेलाडीको शीर्ष स्थानमा छन्। उनले अहिलेसम्म तीन गोल गरेका छन्। च्याम्पियसिपमा सात खेल सकिँदा १६ गोल भएका छन्। प्रतिखेलको गोल औसत २.२९ रहेको छ। नेपालका सुवास बम, बंगलादेशका रनाम सुलिभान र भारतका ओमान्गाले समान दुई गोल गरेका छन्। यसैगरी, एक गोल गर्ने खेलाडीको सूचीमा नेपालका दुईजना परेका छन्। सुजन डंगोल र निशानराज लावतले १-१ गोल गरेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com